# वार्षिक गतिविधि

## आ.व. २०८०/२०८१

राष्ट्रिय मानव अधिकार आयोग

कोशी प्रदेश कार्यालय, विराटनगर

# वार्षिक गतिविधि

## आ.व. २०८०/२०८१

राष्ट्रिय मानव अधिकार आयोग

कोशी प्रदेश कार्यालय, विराटनगर

**लेखन /सम्पादनः**

राष्ट्रिय मानव अधिकार आयोग

कोशी प्रदेश कार्यालय विराटनगर

**प्रकाशकः**

राष्ट्रिय मानव अधिकार आयोग

कोशी प्रदेश कार्यालय विराटनगर

फोन नं. ०२१-५९०९९३, ५१२९३१

**इमेलः** nhrcmorang@gmail.com, nhrcbrt@nhrcnepal.org

**वेवसाइटः** koshi.nhrcnepal.org

**प्रकाशन मितिः** २०८१ असार

**प्रकाशन प्रतिः** ३००

**व्यवस्थापन/संयोजनः** यमराज आङदेम्बे, जयन्त थापा

**मुद्रकः** जनक छापाखाना विराटनगर

**सर्वाधिकारः** राष्ट्रिय मानव अधिकार आयोग

कोशी प्रदेश कार्यालय विराटनगर

आयोगको पूर्व स्वीकृति विना यस गतिविधि पुस्तिकालाई पुनः उत्पादन एवं मुद्रण गर्ने गरी संग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु प्रयोगमा ल्याउन सकिने छ।

# आयोगका पदाधिकारीहरू

## अध्यक्ष

माननीय तप बहादुर मगर

## सदस्यहरू

माननीय डा. सूर्य प्रसाद शर्मा दुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिली थापा

## सचिव

मुरारिप्रसाद खरेल

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, (Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

मानव अधिकारको सम्मान संरक्षण तथा सम्वर्धन गर्नु राज्यको दायित्व हो । नेपालको संविधान तथा नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुबन्धमा निहित हक अधिकारहरुलाई नागरिकले निर्वाध रुपमा उपभोग गर्न पाउनु पर्छ । मानव अधिकार उल्लंघन तथा दुरुत्साहनको घटना हुन नदिन, राज्य संयन्त्रलाई मानव अधिकार संरक्षण र सम्वर्धनमा जवाफदेही बनाउन, मानव अधिकारको क्षेत्रमा कार्यरत सबै निकायहरुको संयुक्त प्रयास आजको तड्कारो आवश्यकता हो ।

मानव अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय रुपमा गरेका प्रतिवद्धताहरु तथा नेपालको संविधानमा व्यवस्था गरिएका मौलिक हकहरु समेतलाई मध्यनजर गरी नेपाल सरकारले मानव अधिकार सम्बन्धी पाचौं राष्ट्रिय कार्ययोजना जारी गरेपश्चात त्यसलाई कार्यान्वयनमा ल्याएको छ । मानव अधिकार संरक्षण र संवर्धनको प्रभावकारिता कार्यान्वयन बारे अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई पनि तोकिएको छ । कोशी प्रदेशका ११ वटा जिल्लाहरुमा अवस्थित मानव अधिकारको समग्र स्थितिलाई मुखरित गरी आयोगको कोशी प्रदेश कार्यालयबाट प्रकाशित गरिएको यो वार्षिक गतिविधि पुस्तिकाले कोशी प्रदेशको मानव अधिकारको अवस्था चित्रण गरी मानव अधिकारको संरक्षण र सम्वर्धन गर्न सम्वन्धित सरोकारवाला सबैमा सु-सूचित हुन सहयोग पुर्याउने छ ।

अन्त्यमा, राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयको वार्षिक गतिविधि पुस्तिका तयारी एवंम् प्रकाशनमा संलग्न आयोगका कोशी प्रदेश कार्यालयका प्रमुख पवन कुमार भट्ट तथा व्यवस्थापनमा सहयोग गर्नुहुने मानव अधिकार अधिकृत यमराज आङदेम्बे लगायत कोशी प्रदेश कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

३१ असार २०८१

.................
तप बहादुर मगर
अध्यक्ष

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax:+977-1-5547973, G.P.O. Box: 9182 Kathmandu, Nepal

# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
पुल्चोक, ललितपुर, नेपाल (Pulchowk, Lalitpur, Nepal)


## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगरले आफ्नो वार्षिक रुपमा सम्पादित कार्यहरुलाई समेटी वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। आयोगको कोशी प्रदेश कार्यालयले संविधान प्रदत्त सूचनाको हक तथा नेपालको प्रचलित कानून द्वारा संरक्षित गरिएको मानव अधिकारका विभिन्न अवयवहरुमध्ये नागरिकले समयमा सही सूचना पाउनु पर्ने आवश्यकता पहिचान गरी वर्षभरी गरेका गतिविधिहरुलाई समेटेर पुस्तिका प्रकाशन गरी कोशी प्रदेशको मानव अधिकार अवस्थालाई उजागर गर्न खोजेको प्रयास सह्रानीय छ ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयको स्थापना हुँदा नेपालमा सशस्त्र द्वन्द चरम उत्कर्षमा रहेको अवस्था थियो । स्थापना कालदेखि हालको अवस्था सम्म कार्यालयले विभिन्न आरोह अवरोहहरु पूरा गरी यस क्षेत्रका नागरिकको मानव अधिकार संरक्षण र संवर्धनमा निरन्तर क्रियाशील रहँदै आएको छ । विगतमा पनि यस कार्यालयले सम्पादित आफ्ना गतिविधिहरुलाई समेटेर प्रदेशको समग्र मानव अधिकार अवस्थालाई चित्रण गर्दै राज्यका सम्वद्ध निकायहरुलाई सुसूचित गराउनुका साथै मानव अधिकार प्रति संवेदनशील बन्न अभिप्रेरित गरिरहेकोमा यस आ.व. २०८०/८१ को प्रकाशनले पनि यस क्षेत्रका नागरिकको मौलिक हक तथा मानव अधिकार संरक्षण एवं संवर्धनमा टेवा पुर्‍याउने नै छ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न संलग्न आयोगको कोशी प्रदेश कार्यालय, विराटनगरका निमित्त प्रमुख उपसचिव पवन कुमार भट्ट तथा संयोजन तथा व्यवस्थापन सहयोग गर्नुहुने मानव अधिकार अधिकृत यमराज आङदेम्बे र जयन्त थापा लगायत कोशी प्रदेश कार्यालयमाका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

३० असार २०८१

मुरारिप्रसाद खरेल
सचिव


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5447973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

# भूमिका

सम्मानपूर्वक बाँच्न पाउने मानिसको जन्मसिद्ध अधिकारलाई संविधानको धारा १६ ले अझ प्रष्ट गरिदिएको छ। सशस्त्र द्वन्द्वको चरमोत्कर्षको बेलामा स्थापित राष्ट्रिय मानव अधिकार आयोगले विभिन्न आरोह र अवरोहहरु पार गर्दै मानव अधिकार संरक्षण तथा सम्वर्धनमा स्वतन्त्र र स्वायत्तरुपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। आयोगको काम कारवाही जनमानसमा अनुभूत हुनसक्ने गरी तीव्रताका साथ अगाडि वढाउन साथै मानव अधिकार सचेतना अभिबृद्धि गर्न जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार; दिगो शान्ति र संवृद्धिको आधार भन्ने नारालाई साकार पार्न आयोगले  नागरिक समाज, संघ सस्था तथा तीनै तहका सरकारसँग विविध प्रकारका कार्यक्रम गरी स्थानीयस्तरमा आयोगले उपस्थिति जनाउदै आएको छ।

विगतको तुलनामा यस बर्ष कोशी प्रदेशको मानव अधिकारको अवस्था सामान्य छ। यहाँ हत्या हिंसा, बलत्कार, यातना, जातीय विभेद, दाईजो, बाल विवाह, श्रम शोषण, यौन शोषण, बोक्सि, मानव बेचविखन, दुर्व्यवहार, डेंगु, विपद लगायतका घटनाहरुमा परी नागरिकको बाँच्न पाउने अधिकारको हनन् भई रहेको छ। नागरिकले भयरहित वातावरणमा सम्मानजनक रुपमा बाँच्न पाएका छैन्न । चालु आ.व.मा पनि यस कार्यालयमा मानव अधिकार उल्लंघन भएको भनि केहि उजुरी परेका छन् भने आयोगमा दर्ता रहेका द्वन्द्वकालिन ८८ वटा उजुरीहरुमा आयोगले यस बर्ष अनुसन्धान कार्य गरेको छ। आयोगमा मानव अधिकार हनन्, न्याय प्रशासन, बलत्कार, महिला हिंसा, यातना, विभेद, बाल अधिकार, श्रम तथा रोजगार, यौन शोषण, आप्रबासी कामदार लगायतका उजुरीहरु लिएर पीडितहरु आउने गर्दछन् उनीहरुलाई उचित परामर्श प्रदान गरी सम्बन्धीत निकायमा निवेदन दिन साथै सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गर्ने गराउने कार्य पनि प्रदेश कार्यालयले गर्दै आइरहेको छ। आयोगमा प्राप्त मानव अधिकार हनन्का विषयमा पहिलो चरणमा जानकारीमा लिई कारवाही प्रक्रिया अगाडि वढाउने गरेको छ। यस वर्ष कोशी प्रदेश कार्यालयबाट जम्मा १२४ जनालाई परामर्श दिइएको छ। आकस्मिक तथा विषयगत अनुगमन गरी जम्मा १७ पटक मानव अधिकार

अवस्थाको अनुगमन गरिएको छ। मानव अधिकार सचेतना सम्बन्धी १० वटा सम्वर्धनात्मक गतिविधिहरु सम्पन्न भएका छन् । अन्य निकायहरुबाट आयोजित कार्यक्रमहरुमा प्रमुख अतिथी, अतिथी, स्रोत व्यक्ति र सहभागिको रुपमा इलाम, मोरङ, झापा, सुनसरी, उदयपुर लगायतका जिल्लामा कोशी प्रदेश कार्यालयले सहभागिता जनाएको छ।

मानव अधिकारमैत्री वातावरण र मानव अधिकार संस्कृतिको विकासको लागि आयोगले विविध प्रकारका समय सापेक्ष कार्यक्रमको आयोजना गर्दै आईरहेको छ। आयोगका सिफारिस कार्यान्वयनको लागि निरन्तर छलफल, अन्तरक्रिया र वहस भइरहेका छन् । नागरिक समाजबाट आयोगको स्वतन्त्रता र स्वायत्तताको जगेर्ना गर्न र आयोगको सिफारिसको पूर्ण कार्यान्वयनको लागि विभिन्न कार्यक्रमहरुमार्फत सरकारको ध्यानाकर्षण गराउने कार्य भईरहेको छ। यस बर्ष कोशी प्रदेश कार्यालयले आफ्नो कार्यक्षेत्र अन्तरगतका प्रायः जिल्लाहरुमा अनुगमन, अनुसन्धान एवं सम्वर्धनात्मक गतिविधिहरु सञ्चालन गर्ने क्रममा आफ्नो उपस्थिति जनाएको छ। सम्भव भएसम्म स्थानीय तहहरुलाई लक्षित गरेर कतिपय कार्यक्रमहरु सञ्चालन गरिएको छ उदाहरणको लागि आयोगमा रहेको हत्या यातना, सम्पत्ति क्षति, दुर्व्यवहार, बलत्कार वातावरण प्रदुषणका केहि उजुरीको अनुसन्धान सम्पन्न गरिएको छ। मोरङ, सुनसरी, झापा लगायतका जिल्लामा विपदले पारेको प्रभावको अनुगमन कार्य गरिएको छ। मोरङ, सुनसरी, झापा, इलाम, पाँचथर तथा ताप्लेजुङ जिल्लामा केहि स्थानीय तहसँग नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्य योजनाको कार्यान्वयनको अवस्थाको बारेमा छलफल भएको छ। अनुगमन र छलफल गरिएका विषयको बारेमा निकाय, तह, कार्यालयसंग सुधारको लागि सम्बन्धीत पक्षहरुको ध्यानाकर्षण गराइएको छ। इलाम र झापामा चिया बगानमा कार्यरत श्रमिकको अधिकारको अवस्थाको बारेमा सरोकारवालासंग अन्तरक्रिया कार्यक्रम गरिएको थियो । आयोगको कोशी प्रदेश कार्यालयबाट आकस्मिक रुपमा यस क्षेत्रमा भएका बन्द हड्ताल, सरकारी तथा नीजि अस्पतालको सेवा प्रवाहको अवस्था लगायतको अनुगमन गरी सम्बन्धीत निकायको ध्यानाकर्षण गरिएको छ। आयोगले समय समयमा मानव

अधिकारकर्मीहरुसँग मानव अधिकार अवस्थाको बारेमा छलफल/अन्तरक्रिया गरी मानव अधिकारको संरक्षण तथा संस्कृतीको विकासका लागि कार्य गर्दै आएको छ।

राष्ट्रिय मानव अधिकार आयोगको रणनीतिक योजना २०२१-२६ ले सरोकार- वालासँगको समन्वय र सहकार्यलाई महत्वपूर्ण स्थान दिएको अवस्थामा कोशी प्रदेश कार्यालयले प्रदेशको मानव अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश सरकार, स्थानीय तह, संघीय सरकारका जिल्ला स्थित कार्यालयहरु, संघ सस्था तथा अन्तराष्ट्रिय सस्था, कानून व्यवसायी, पेशागत संघ सस्था, पत्रकार, मानव अधिकार रक्षक तथा नागरिक समाजसँग समन्वय र सहकार्य गर्दै आएको छ। यस बर्षझै आगामी बर्षहरुमा पनि मानव अधिकारको संरक्षण सम्वर्धन तथा मानव अधिकार सँस्कृतिको विकासको लागि हाम्रा बिचमा शसक्त रुपमा समन्वय सहकार्य र छलफल हुने कुरामा विश्वसत हुदै यहाँहरु सबैमा धेरै धेरै धन्यवाद ।

अन्त्यमा आयोगका माननीय अध्यक्षज्यू, माननीय सदस्यज्यू, सचिवज्यू, सहसचिवज्यूको प्रेरणा र मार्गदर्शनले यो वार्षिक प्रतिवेदनले पूर्णता पाएकोमा कोशी प्रदेश कार्यालयको तर्फबाट सबैमा बिशेष धन्यवाद । यस वार्षिक प्रतिवेदनलाई पूर्णता प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाहगर्ने कोशी प्रदेश कार्यालयका सबै कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

(कार्यालय प्रमुख / उपसचिव)

राष्ट्रिय मानव अधिकार आयोग,

३० असार २०८१

# विषयसूची

| विषय | पृष्ठ नं. |
|---|---|
| **परिच्छेद १** | |
| **१. परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ गतिविधि पुस्तिकाको उद्देश्य | २ |
| १.३ संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र | ३ |
| **परिच्छेद २** | |
| **२. प्रदेश कार्यालयबाट भएका गतिविधिहरु** | ४ |
| २.१. प्रशासनिक कार्यहरु | ४ |
| २.२ आर्थिक व्यवस्थापन सम्बन्धी कार्य | ४ |
| २.३ यस कार्यालयमा रहेका जिल्लागत उजुरीको संख्या | ९ |
| २.४ अनुसन्धान गरिएका उजुरी फाइलहरुको विवरण | १० |
| **३. आ.व. २०८०/८१ मा भएको प्रमुख अनुगमनहरु** | **१२** |
| ३.१ चिया बगानमा कार्यरत श्रमिक संघहरुले | १२ |
| ३.२ सुनसरी जिल्लाको विभिन्न कार्यालयमा गरिएको छलफल | १३ |
| ३.३ सुनसरीको तरहरामा शान्तिपूर्ण तथा सौहार्दपूर्ण र्‍याली | १३ |
| ३.४ छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अधिकार | १४ |
| ३.५ सुनसरी खोलाको किनारमा फालिएको फोहोर | १५ |
| ३.६ सुनसरी जिल्लामा अनिवार्य निःशुल्क, गुणस्तरीय | १५ |
| ३.७ ७५ औं अन्तराष्ट्रिय मानव अधिकार दिवस | १६ |
| ३.८ बाल सुधार गृह, मोरङ | १८ |
| ३.९ यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको मानव अधिकार | १८ |
| ३.१० आप्रवासी कामदार र मानव बेचविखनको अवस्था | १९ |
| ३.११ इलाम जिल्ला क्षेत्र नं २ को उपनिर्वाचन | २१ |
| ३.१२ २४ औं वर्षिकोत्सव तथा २५ औं स्थापना दिवस | २१ |

३.१३ सवारी साधनमा विद्यार्थीहरुद्वारा आगजनी गरिएको घटना २२
३.१४ विद्यालय दिवा खाजा कार्यक्रम २३
३.१५ मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना २४
३.१६ अनुशासन इन्चार्जले कुटेर विद्यार्थीहरु अस्पताल भर्ना २५
३.१७ धरानमा नगरप्रमुख र महिला पत्रकारबिच भएको घटनाको विषय २६

**परिच्छेद ३**

**४. विषयगत महासन्धीमा आधारित मानव अधिकारको अवस्था २८**
४.१ जातीय भेदभाव विरुद्धको अधिकार २८
४.२ नागरिक तथा राजनीतिक अधिकार २९
४.३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार ३०
४.४ महिला अधिकार ३२
४.५ बाल अधिकार ३३
४.६ यातना विरुद्धको अधिकार ३४
४.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार ३४
४.८ बलपूर्वक बेपत्ता ३५
४.९ जेष्ठ नागरिकको अधिकार ३६
४.१० यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार ३९
४.११ उपभोक्ताको अधिकार ४१
४.१२ विकास र वातावरणको अधिकार ४३
४.१३ आदिवासी जनजातिको अधिकार ४५

**परिच्छेद ४**

**५. प्रदेश कार्यालयको उपलब्धि, चुनौती र समाधानका उपायहरु ४७**
५.१ उपलब्धिहरु ४७
५.२ चुनौतीहरु ४८
५.३ समाधानका उपायहरु ५०
५.४ प्रदेश सरकार र स्थानीय सरकारलाई सुझाव ५१

# परिच्छेद १

## १. परिचय

### १.१ पृष्ठभूमि

मानव अधिकार आयोग ऐन २०५३ द्वारा वि.सं. २०५७ साल जेठ १३ गते स्थापित राष्ट्रिय मानव अधिकार आयोगले नेपालको अन्तरिम संविधान २०६३ बाट संवैधानिक हैसियत प्राप्त गर्यो। नेपालको संविधान २०७२ ले उक्त संवैधानिक हैसियतलाई निरन्तरता दिंदै संविधानको भाग २५ धारा २४८ र २४९ मा आयोगको गठन, काम कर्तव्य र अधिकारलाई लिपीवद्ध गरिएको छ। मानव अधिकारको सम्मान, संरक्षण तथा सम्वर्धन र यसको प्रभावकारी कार्यान्वयन गर्नु आयोगको मुख्य कर्तव्य रहेको छ। संविधानको धारा २९४ को उपधारा (३) बमोजिम आयोगका प्रादेशिक कार्यालयले आफुले सम्पादन गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन प्रदेशप्रमुख समक्ष पेश गर्नसक्ने संवैधानिक व्यवस्था भएबमोजिम साथै सूचनाको हक सम्बन्धी ऐनमा सार्वजनिक निकायहरुले आफूले सम्पादित कार्यहरु आम जनता समक्ष सरल र सहज तवरले सूचना प्रवाह गर्नुपर्ने दायित्व अन्तरगत आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत वार्षिक कार्ययोजनामा रहेको मानव अधिकार अनुगमन, अनुसन्धान एवं विभिन्न सम्वर्धनात्मक क्रियाकलापहरु, केन्द्रीय कार्यालयबाट प्राप्त निर्देशन, स्थानीय सरोकारवालाहरुबाट आयोगलाई प्राप्त सूचना, आकस्मिक तथा भैपरी आएका कार्यहरु आदिका आधारमा राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयबाट सम्पादित कार्यहरुलाई आधार मानी मानव अधिकार सम्बन्धी विभिन्न गतिविधिहरु समावेश गरी यो पुस्तिका तयार गरिएको हो।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगर अन्तरगतका आयोगबाट तोकिएका ११ वटा जिल्लाहरु ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, उदयपुर, झापा, मोरङ र सुनसरी यस कार्यालयका

कार्यक्षेत्र हुन। ती जिल्लाहरुमा गरिएका मानव अधिकार अवस्था अनुगमन, मानव अधिकार उल्लंघनका उजुरी उपर अनुसन्धान, मानव अधिकार सचेतना अभिबृद्धिका लागि सञ्चालन गरिएका तालिम, अन्तरक्रिया लगायतका गतिविधिहरु यस प्रकाशनमा समावेश गरिएको छ।

## १.२ गतिविधि पुस्तिकाको उद्देश्य :

राष्ट्रिय मानव अधिकार आयोगलाई संविधानको धारा २९४ द्वारा प्रदत्त संवैधानिक दायित्व बमोजिम आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने भएकोले सोही बमोजिम यस कार्यालयको गतिविधिहरु समेत समेटी आयोगको केन्द्रीय कार्यालयबाट नियमित रुपमा वार्षिक प्रतिवेदन प्रकाशन गर्दै आइरहेको छ। यस प्रतिवेदनमा आ.व. २०८०/८१ मा कोशी प्रदेश कार्यालयबाट समपादित मानव अधिकार संरक्षण, मानव अधिकार सम्वर्धन सम्बन्धी गतिविधिहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी गराउने उद्देश्य रहेको छ। गतिविधि पुस्तिकामा उल्लेखित विवरणहरु संक्षेपमा भएकोले कतिपय घटना र अवस्थाका बारेमा पूर्ण विवरण नसमेटिएको पनि हुन सक्दछ। प्रस्तुत प्रतिवेदन केवल अध्ययन र जानकारीको लागि मात्र भएकोले सरोकारवाला निकायहरुले आफूसँग सम्बन्धित विषयबस्तुहरुमा आफ्नो निकायमा आवश्यक सुधार र परिवर्तनको लागि भने यो सहायक हुन सक्नेछ।

## १.३ संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र

२०६१ माघ २६ गतेका दिन राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्रीय कार्यालयको रुपमा विराटनगर कार्यालयको स्थापना भएको थियो। नेपालको संविधान २०७२ को प्रस्तावनाले नेपालाई संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था कामय गरेकोले साथै देश संघीयतामा रुपान्तरण भएकोले आयोगको संरचना पनि संघीय व्यवस्था बमोजिम निर्माण गर्ने गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा २७ बमोजिम आयोगको मिति

२०७५/३/८ को बैठकको निर्णयानुसार संघीय संरचना अनुसार आयोगको संगठन संरचना तथा दरवन्दी स्वीकृतिका लागि नेपाल सरकारलाई सिफारिस गरी पठाईसकिएको सन्दर्भमा आयोगको निर्णयानुसार सम्बन्धीत प्रदेशको नामाकरण भइसकेपछि सोही अनुसार गर्ने गरी यस कार्यालयको साइनबोर्ड र कार्यालयको पत्राचार कोशी प्रदेश कार्यालय विराटनगरको नामबाट गर्ने गराउने व्यवस्था मिलाउन सूचित गरिएकोले सोही बमोजिम यस कार्यालयलाई राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगर नामाकरण गरिएको हो।

नेपालको संविधान २०७२ को धारा २४९ मा आयोगको कार्यदिशबारे उल्लेख गरिएको छ। मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भन्ने उल्लेख गरिएको छ। आयोगले आफ्नो कार्यसम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहाय बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

- कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लागाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने,
- मानव अधिकारको गंभिर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धीत लिखत, प्रमाण वा सबुत कब्जामा लिने,
- कुनै व्यक्तिको मानव अधिकार उल्लंघन भइरहेको कुरा जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यक दखिएमा विना सूचना सरकारी कार्यालय वा अन्य ठाउमा प्रवेश गर्ने र उद्धार गर्ने,
- मानव अधिकारको उल्लंघनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने।

# परिच्छेद २

## २. प्रदेश कार्यालयबाट भएका गतिविधिहरु :

### २.१. प्रशासनिक कार्यहरु :

यस आ.व.मा कार्यालयमा रहेका जिन्सी सामग्रीहरुको सम्वन्धमा कम्तिमा १ पटक निरीक्षण गरी प्रतिवेदन पेश गरिएको छ। यस कार्यालयमा रहेका जिन्सी सामानहरुको जिन्सी निरीक्षणको लागि समिति गठन गरी जिन्सी निरीक्षण फारम (म.ले.प.फा.नं.४११) अनुसारको ढाँचामा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पेश गरिएको छ।

### २.२ आर्थिक व्यवस्थापन सम्बन्धी कार्य

यस आ.व.को बजेट र खर्चको विवरण आर्थिक व्यवस्थापन सम्बन्धी कार्य राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरले आर्थिक कारोबारको अभिलेख राख्ने, लेखाङ्कन गर्ने र प्रतिवेदन गर्ने कार्यहरुमा सरकारी लेखानीति, लेखाविधि, लेखाका आधार र सिद्धान्तहरु अबलम्बन गरेको छ। आर्थिक प्रशासन सम्बन्धी कार्यहरुमा कार्यालय प्रमुखले अख्तियारी प्राप्त गरी स्वीकृत कार्यक्रमहरुको अधिनमा रही आर्थिक कारोबार सञ्चालन गर्ने साथै कार्यालयको सम्पूर्ण आर्थिक कारोबारको जिम्मेवारी बहन गरी कार्यालयको आर्थिक, भौतिक तथा जनशक्तिको वास्तविक स्थितिको विवरण तयार गरी प्रत्येक महिना कार्यालयका सूचना पाटीमा सार्वजनिक गरिएको छ। कार्यालयको आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण काम मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता, पारदर्शिता, मिलान, स्वच्छ प्रस्तुतीकरण, उच्च जिम्मेवारी र उत्तरदायित्व जस्ता लेखाका आधारभूत सिद्धान्तहरुको पालना गरिएको छ। वैधानिकता, गहनता, सान्दर्भिकता र अतुलनीयतालाई समेत मध्यनजर गरी कार्यालयको आर्थिक कारोबार गरिएको छ। समयमै निकासा माग गर्ने, बजेट तर्जुमामा सहयोग गर्ने, निकासा भएका

रकमको खर्चको हिसाबकिताब रीतपूर्वक राख्ने, खर्चको फाँटवारी तथा आर्थिक विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने र लेखापरीक्षण गराउने कार्य आर्थिक प्रशासन शाखाबाट गरिएको छ। यस वर्ष नेपाल सरकारबाट राष्ट्रिय मानव अधिकार आयोगलाई प्राप्त आर्थिक वर्ष २०८०/२०८१ को बजेटबाट कोशी प्रदेश कार्यालयको लागि ब.उ.शि.नं. २१४०००११३ चालुतर्फ रु.१,५३,१३,०००. ०० (एक करोड, त्रिपन्न लाख, तेह्रहजार) विनियोजन भएकोमा रु. ९९,४७,४२१.६४ उनान्सय लाख सठचालिस हजार चारसय एक्काइस रुपैया चौसठ्ठी पैंसा) निकासा तथा खर्च भएको छ। यस सम्बन्धी सम्पूर्ण विवरण देहायबमोजिम छ।

**बजेट शीर्षक नं. र नाम : २१४०००११३ (चालु)**

| **क्र.स.** | **खर्च शीर्षक** | **बिनियोजित बजेट** | **असार मसान्त सम्मको खर्च** | **कैफियत** |
|---|---|---|---|---|
| १० | २११११ पारिश्रमिक कर्मचारी | १०,४६२,००० | ६,०७८,८०६.८४ | |
| २ | २११२१ पोशाक | १८०,००० | १४०,०००.०० | |
| ३ | २११३२ महंगी भत्ता | ४३२,००० | २३०,७२३.२८ | |
| ४ | २११३४ कर्मचारीको बैठक भत्ता | ४०००० | १६५०० | |
| ५ | २१२१२ योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १६८,००० | ६७,०८०.३६ | |
| ६ | २१२१३ योगदानमा आधारित बीमा कोष खर्च | ८७,०००.०० | ४६,१४४.६५ | |
| ७ | २२१११ पानी तथा बिजुली | १९८,०००.०० | १४०,५४०.६७ | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २२१११२ संचार महशुल | १८६,०००.०० | १४७,३१५.०० | |
| ९ | २२२१२ इन्धन (कार्यालय प्रयोजन) | २९०,०००.०० | २४६,३६६.६३ | |
| १० | २२२१३ सवारी साधन मर्मत खर्च | १५५,०००.०० | १३२,४०९.०० | |
| ११ | २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ३५०,०००.०० | ३४९,४४८.२८ | |
| १२ | २२३१४ इन्धन - अन्य प्रयोजन | २६,०००.०० | २४,७६०.०० | |
| १३ | २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना | १२८,०००.०० | ६०५२६.०० | |
| १४ | २२४१३ करार सेवा शुल्क | ६०,०००.०० | ३९,८३१.०० | |
| १५ | २२५२२ कार्यक्रम खर्च | १२,८०,०००.०० | १०,१०,६९४.९३ | |
| १६ | २२५२९ विविध कार्यक्रम खर्च | १,००,०००.०० | ९९,९०१.०० | |
| १७ | २२६१२ भ्रमण खर्च | ८४,०००.०० | ८३,१४९.०० | |
| १८ | २२७११ विविध खर्च | १,२६,०००.०० | १,२५,५३२.०० | |
| १९ | २८१४२ घर भाडा | ९,११,०००.०० | ८,७२,६६६.०० | |
| २० | जम्मा | १,५३,१३,०००.०० | ९९,४७,५२१.६४ | |

**खर्च संकेत २२५२२, खर्च शीर्षक कार्यक्रमसम्बन्धी सम्पूर्ण विवरण देहाय बमोजिम छ ।**

| क.स. | LMBIS | कार्यक्रम | बर्षिक बजेट रू | आसर सम्मको खर्च रू | खर्च प्रतिशत | कै. |
|---|---|---|---|---|---|---|
| १ | २.७.७.१.१ | मानव अधिकार उल्लंघनका घटना, उजुरी तथा फाइलहरुको अनुसन्धान | ६,००,००० | ३,५९,८५९.४३ | ५९.९८ | |
| २ | २.७.७.१.२ | मानव अधिकार उल्लघनका घटनाहरुको आकश्मिक अनुगमन | २,००,००० | १,७२,५४७.५० | ८६.२७ | |
| ३ | २.७.७.१.२६६ | अनिवार्य निशुल्क गुणस्तरीय आधारभूत शिक्षाको अधिकार विषयक अनुगमन तथा छलफल | ७०,००० | ६९,९५५.०० | ९९.९४ | |
| ४ | २.७.७.१.२६९ | आप्रवासी कामदार र मानव वेचविखन सम्बन्धमा अनुगमन अनुगमन | ७०,००० | ६९,८७६.०० | ९९.८२ | |
| ५ | २.७.७.१.२६७ | UPR/NHRAP/SDGH/TREATY COMMITTEES को सिफारिसहरुको अनुगमन तथा छलफल | १,४०,००० | १,३९,६३७.०० | ९९.७४ | |
| ६ | २.७.७.१.२७० | यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरुका अधिकारको विषयमा अनुगमन तथा छलफल | ७०,००० | ६९,०८०.०० | ९८.६९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | २.७.७.१.२६८ | छुवाछुत तथा जातिय भेदभाव विरुद्धको अधिकार कार्यान्वयनको अवस्थाको अनुगमन अध्ययन तथा छलफल | ७०,००० | ६९,९५०.०० | ९९.९३ | |
| ८ | २.७.७.१.५ | आयोगको चौमासीक, अर्धबार्षक र बार्षिक योजना कार्यान्वयनको समीक्षा | ६०,००० | ५९,७९०.०० | ९९.६५ | |
| ९ | | जम्मा | १२,८०,००० | १०,१०,६९४.९३ | ७८.९६ | |

**खर्च संकेत २२५२९, खर्च शीर्षक अन्यकार्यक्रम सम्बन्धी सम्पूर्ण विवरण देहाय बमोजिम छ ।**

| क.स | LMBIS Code | कार्यक्रम | वार्षिक बजेट रु. | असार सम्मको खर्च रु. | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १. | २.७.२७.१.२ | आयोगको स्थापना दिवस मनाउन | ५०,०००.०० | ४९,९६६.०० | ९९.९३ |
| २. | २.७.२७.१.३ | अन्तर्राष्ट्रिय मानव अधिकार दिवस | ५०,०००.०० | ४९,९३५.०० | ९९.८७ |
| ३. | | | १,००,०००.०० | ९९,८८८.०० | ९९.८९ |

| | | | |
|---|---|---|---|
| २२५२२ र २२५२९ जम्मा | १,३८०,००० | १,११०,५९६ | ८०.४८ |

## २.३ चालु आ.व. ०८०/८१ सम्म यस कार्यालयमा रहेका जिल्लागत उजुरीको संख्याः

| जिल्ला / विषय | ICCPR | ESCR | CRC | CEDAW | MGW | IED | JUSTIC | CERD | CRPD | CAT | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| झापा | ३ | ४ | ३ | १ | १ | १ | ३ | ० | ० | ३ | १९ |
| मोरङ | ११ | १७ | १ | ० | ० | १२ | १४ | ० | ० | १० | ६५ |
| सुनसरी | ० | ७ | ० | १ | ० | ४ | ५ | ० | ० | ५ | २२ |
| इलाम | ११ | १४ | ० | १ | ० | १३ | २ | ० | ० | १ | ४२ |
| पाँचथर | २ | ४ | २ | ० | ० | ३ | ५ | ० | २ | ५ | २३ |
| संखुवासभा | ६ | ८ | १ | ० | ० | ५ | १ | ० | १ | २ | २४ |
| धनकुटा | ३ | ३ | १ | १ | ० | २ | ० | ० | ० | ० | १० |
| तेह्रथुम | २ | २ | ० | ० | ० | १ | ० | ० | १ | ० | ६ |
| भोजपुर | ६ | ४ | १ | १ | ० | ० | १ | ० | ० | २ | १५ |
| ताप्लेजुङ | २० | ९ | १ | ३ | ० | ७ | ८ | १ | ० | ७ | ५६ |
| उदयपुर | ६ | ४ | १ | ० | ० | १७ | ५ | ० | १ | ० | ३४ |
| के.का.बाट फिर्ता | | | | | | | | | | | ९ |
| जम्मा | ७० | ७६ | ११ | ८ | १ | ६५ | ४४ | १ | ५ | ३५ | ३२५ |

## २.४ आ.व २०८०/०८१ मा अनुसन्धान गरिएका उजुरी फाइलहरुको विवरणः

| क्रस | जिल्ला | सङ्ख्या | उजुरीको विषय | अनुसन्धानको अवस्था | कै. |
|---|---|---|---|---|---|
| १ | मोरङ | ४४ | • स्वच्छ वातावरणको हक<br>• सम्पत्तीको हक<br>• बाल अधिकार<br>• वेपत्ता<br>• जाहेरी दर्ता नगरेको<br>• सम्पत्ति कब्जा<br>• रोजगारीको हक<br>• सम्पत्तीको हक<br>• स्वास्थको अधिकार<br>• यातना<br>• सुचनाको हक<br>• खाद्य अधिकार<br>• न्याय प्रशासन<br>• आवासको अधिकार | २५ वटा उजुरीको अनुसन्धान सम्पन्न र १९ वटा अनुसन्धान भइरहेको। | |
| २ | सुनसरी | २४ | • विकास र वातावरणको हक<br>• वेपत्ता<br>• महिला हिंसा<br>• अमानविय व्यवहार<br>• जीवनको अधिकार<br>• यातना<br>• ज्यानमार्ने धम्की<br>• न्याय प्रशासन<br>• घरेलु हिंसा<br>• न्यायमा पहुंच<br>• आवासको अधिकार<br>• कुटपीट | २० वटा उजुरीको अनुसन्धान सम्पन्न र ४ वटा अनुसन्धान भइरहेको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | झापा | १४ | • न्याय प्रशासन<br>• सम्पत्तीको हक<br>• यातना<br>• बालअधिकार (ज.क.)<br>• अनुगमन<br>• घरेलु हिंसा<br>• अपहरण<br>• बेपत्ता<br>• बाल अधिकार<br>• आप्रवासी कामदार<br>• न्यायमा पहुंच | ७ वटा उजुरीको अनुसन्धान सम्पन्न र ७ वटा अनुसन्धान भइरहेको। | |
| ४ | इलाम | ७ | • सम्पत्तीको हक<br>• अपहरण<br>• वेपत्ता<br>• स्वास्थको अधिकार | ७ वटा अनुसन्धान भइरहेको। | |
| ५ | सप्तरी | २ | • घरेलु हिंसा<br>• न्याय प्रशासन | २ वटा उजुरीको अनुसन्धान सम्प भएको। | |
| ६ | संखुवा सभा | २ | • न्याय प्रशासन<br>• वाच्न पाउने अधिकार | २ वटा उजुरीको अनुसन्धान सम्पन्न भएको। | |
| ७ | उदयपुर | १ | • बाल अधिकार | अनुसन्धान भइरहेको। | |

## ३. राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरबाट आ.व. २०८०/८१ मा भएको प्रमुख अनुगमनहरुः

### ३.१ चिया बगानमा कार्यरत श्रमिक संघहरुले झापा जिल्लामा गरिरहेको विरोध कार्यक्रम

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले मिति २०८० साउन २१ गतेका दिन चिया क्षेत्रमा क्रियाशिल ट्रेड युनियनका पदाधिकारीहरुसँग बिर्तामोडमा छलफल कार्यक्रमको आयोजना गरेको थियो ।

चिया क्षेत्रमा करिव ८०% महिला मजदुर संलग्न रहेको, सुत्केरी बिदा पाउने नगरेको, गाँस बास कपास, खानेपानी, शौचालय, शिक्षा, स्वास्थ्यको उपयुक्त प्रबन्ध नरहेको, रोजगारदाताले तलव भत्ता लगायत अन्य सुविधा समयमा उपलब्ध नगराएको, विषादीका कारणबाट मजदुर दीर्घ रोगी बन्नु परेको, न्यूनतम तलब २/२ वर्षमा पुनरावलोकन भइ वृद्धि हुनुपर्नेमा नभएको, सेवानिवृत्त श्रमिकले पाउनुपर्ने सेवा सुविधा नपाएको, राजीनामा वा मृत्यु भइ सेवाबाट हट्दा उपदान वापत पाउनुपर्ने रकम लिन वर्षौं कुर्नुपर्ने बाध्यता लगायतका समस्या चिया बगानमा कार्यरत श्रमिकले झेल्दै आएका कुराको जानकारी प्राप्त भएको थियो । श्रमसम्बन्धी नीतिगत तथा कानूनी व्यवस्थाहरु श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ तथा योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ को कार्यान्वयन चिया बगानमा नभएको कारण चिया क्षेत्रमा क्रियाशिल ट्रेड युनियनहरु मिति २०८० असार ३१ गतेबाट झापा जिल्लामा आन्दोलनमा उत्रिएका थिए ।

राष्ट्रिय मानव अधिकार आयोगको कोशी प्रदेश कार्यालयबाट खटिएको अनुगमन टोलीले उक्त विषयको सम्बोधन स्थानीय सरकार र प्रदेश सरकारबाट सम्भव नदेखिएकाले निजहरुको मागको सम्बन्धमा आयोगले श्रम मन्त्रालय लगायतका सरोकारवालासँग तत्काल छलफल गरी चिया बगानमा कार्यरत श्रमिकको अधिकारको संरक्षणका लागि पहल गर्नुपर्ने आशय प्रतिवेदनमा प्रस्तुत गरेको थियो ।

## ३.२ सुनसरी जिल्लाको विभिन्न कार्यालयमा गरिएको छलफल

राष्ट्रिय मानव अधिकार आयोगलाई संविधानको धारा २४९ बाट प्राप्त संवैधानिक दायित्व बमोजिम बिभिन्न कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवाका सम्बन्धमा मिति २०८० साउन ५ गतेका दिन टोलीले राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश, विराटनगरको अनुगमन टोलीले इनरुवा नगरपालिका, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय इनरुवाको हिरासत तथा भोक्राहा नरसिंह गाउँपालिकाको कार्यालयमा मानव अधिकारका सवाल र नागरिकका समस्या र समाधान समेतमा केन्द्रीत भइ छलफल गरिएको थियो।

छलफलका क्रममा कार्यालयहरुमा मानव अधिकारमैत्री वातावरणमा सेवा प्रवाह भइरहेको तर कार्यालयको भौतिक संरचना र जनशक्ति अभावका कारण मानव अधिकारको अवस्थालाई अपेक्षित सुधार गर्न नसकिएको सबै कार्यालयबाट सहभागी हुनुभएका प्रतिनिधिहरुको एकमत थियो ।

## ३.३ सुनसरीको तरहरामा शान्तिपूर्ण तथा सौहार्दपूर्ण र्‍याली

धरान उपमहानगरपालिका तरहरा क्षेत्रमा गोरु काटेको र हिन्दु मन्दिर अगाडि चर्च बनाएको घटनाको विषयलाई लिएर स्थानीय नागरिक लगायत विभिन्न संघसंस्था तथा धार्मिक संगठनहरुले नेपालको संविधानको प्रस्तावना अनुरुप बहुजाति, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गर्न एकता र सामाजिक सहिष्णुताका लागि २०८० भाद्र ९ गते शान्तिपूर्ण र्‍यालीको अनुगमन गर्न अनुगमन टोली खटिएको थियो।

अनुगमन टोलीले शान्तिपूर्ण र्‍यालीको सम्बन्धमा सहभागी, स्थानीय र सुरक्षा निकाय समेतलाई सोधपुछ गरेकोमा शान्तिपूर्ण र्‍याली कसैको अवरोध नभएको र संयमित रुपमा सहभागीहरु प्रस्तुत हुनुभएको भन्ने प्रतिक्रिया प्राप्त भएको थियो। टोली स्वयंले पनि वस्तुस्थिति नियाल्दा सुनसरीको तरहरामा शान्तिपूर्ण तथा सौहार्दपूर्ण र्‍याली भइरहेको र सुरक्षा निकायहरुले सुरक्षाको उच्चतम प्रबन्ध गरेको पाइएको थियो।

## ३.४ सुनसरी र झापा जिल्लामा छुवाछुत तथा जातीय भेदभाव विरुद्धको अधिकार कार्यान्वयनको अवस्था

मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र र समान भएकाले जातजाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेशा, व्यवसाय, राष्ट्रियता लगायत कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन। यस प्रकृतिका कार्य नैतिक, सामाजिक र कानूनी रूपले समेत अक्षम्य र गम्भीर अपराध मानिन्छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा सबै व्यक्ति जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान हुने भनी उल्लेख गरिएको छ।

यसै सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरले मिति २०८० असोज २१ देखि २७ गतेसम्म झापा र सुनसरी जिल्लामा छुवाछुत तथा भेदभाव विरुद्धको हकको अवस्थाको बारेमा अनुगमन कार्य सम्पन्न गरेको छ। उक्त अनुगमनबाट गाउँ समाजमा छुवाछुत र भेदभावका घटनाहरु घट्ने गरेको तर लिखित रुपमा उजुरी दर्ता भने नहुने गरेको कुरा प्रतिनिधिमूलक रुपमा आयोगको टोलीले अनुगमन गरेका स्थानीय तह, प्रहरी र प्रशासन कार्यालयको अभिलेखबाट बुझ्न सकिन्छ ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६ को धारा २ र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ लगायतका अन्तराष्ट्रिय सर्वमान्य कानुन र संविधानको धारा २४ मा व्यवस्था भएको छुवाछूत तथा भेदभाव विरुद्धको हक समेत कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित अधिकारीको रहन्छ। धार्मिक अन्धविश्वास, सामाजिक कुरीति, रुढिवादी संस्कार, अशिक्षा लगायतका कारणबाट अहिले पनि जातीय विभेद तथा छुवाछूतका घटनाहरू घटिरहेका छन्। नेपाली समाज पुरातनबादी सोचबाट प्रेरित भइ आएको हुदा एकैपटक परिवर्तन हुनुभन्दा पनि समयको अन्तराल, शिक्षा तथा विश्वव्यापीकरणको प्रभावसँगै दलितहरुको समस्या समाधान हुने कुरामा दुई मत नभएको र यसको निराकरणका लागि कानूनको प्रभावकारी कार्यान्वयन र आर्थिक

स्तरमा वृद्धि एवं चेतनामूलक कार्यक्रमहरूलाई एकसाथ लैजानुपर्ने आजको आवश्यकता रहेको अनुगमन टोलीको निष्कर्ष रहेको प्रतिवेदनमा उल्लेख छ।

## ३.५ सुनसरी खोलाको किनारमा फालिएको फोहोरका कारण वातावरणमा परेको असर

जिल्ला सुनसरी इनरुवा नगरपालिका वडा नं. ८, सत्खुलियामा सुनसरी खोलाको किनारमा रहेको ऐलानी जग्गामा विगत केही बर्षदेखि इनरुवा नगरपालिका भित्रको फोहोर मैला जथाभावी फाली वातावरण दुषित भएको कारण समुदाय नै विस्थापित हुने अवस्था देखिएकाले राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरले मिति २०८०/०५/१२ मा स्थलगत अनुगमन गरेको थियो । फोहोरकै कारण रामनगर भुटहा, हरिनगर क्षेत्र, घुसकी क्षेत्र, देवानगंज क्षेत्र, कप्तानगंज क्षेत्रमा समेत प्रभाव परेको भनि स्थानीयले जानकारी गराएका थिए।

अनुगमनका क्रममा इनरुवा नगरपालिका वडा नं. ८ का वडा अध्यक्ष अशोक कुमार साहु तेलीसंग घटनाको बारेमा सोधपुछ तथा छलफल गर्दा निजले त्यस ठाउँमा फोहोरमैला फाल्ने डम्पिङ्ग साइट नभइ फोहोर व्यवस्थापन गर्ने ठाउँ बनाउन थालिएको र नगरपालिकाले कानूनी प्रक्रिया पुरा गरी फोहोर व्यवस्थापन गर्ने जानकारी दिनुभएको थियो। इनरुवा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूले सबै कानूनी प्रक्रिया अपनाइ स्थानीय बासिन्दाको चित्त बुझाएर फोहोर व्यवस्थापन गर्नेगरी कार्य अघि बढेको जानकारी अनुगमन टोलीलाई जानकारी गराउनुभएको थियो। उक्त घटनाको सम्बन्धमा आयोगले स्थानीय बासिन्दा, पत्रकार, मानव अधिकार रक्षकसँग पनि सोही क्षेत्रको अवस्थाको बारेमा छलफल गरिएको थियो ।

## ३.६ सुनसरी जिल्लामा अनिवार्य निःशुल्क, गुणस्तरीय आधारभूत शिक्षाको अधिकारको अवस्था

नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हकको व्यवस्था गरेको छ। सो व्यवस्थाअनुसार प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य

र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुने कुरामा जोड दिएको छ। यसका अतिरिक्त प्रत्येक समुदायलाई कानूनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्वर्धन गर्ने हक हुनेछ भनी उल्लेख छ।

कोशी प्रदेशको सुनसरी जिल्लामा निःशुल्क अनिवार्य गुणस्तरीय शिक्षाको अवस्थाका सम्बन्धमा आयोगको कोशी प्रदेश कार्यालय विराटनगरको एक उच्चस्तरीय टोलीले मिति २०८० मंसिर १२ गतेदेखि १८ गतेसम्म अनुगमन गरी सरोकारवालाहरुसँग सो सम्बन्धमा छलफल समेत गरेको थियो। अन्य जिल्लामा जस्तै सुनसरी जिल्लामा पनि निजी र सार्बजनिक विद्यालयकाबिचमा ठूलो खाडल रहेको अनुगमन टोलीको निष्कर्ष रहेको थियो। सबै बालबालिकाको अहिले पनि विद्यालयमा पहुँच नभएको, कतिपय अभिभावकको आर्थिक अवस्था कमजोर हुदा उनीहरुले काम खोज्न भारत जानुपर्ने र त्यसकारण बालबालिकालाई पनि शिक्षाको अधिकारबाट बञ्चित गरेको तथ्यसमेत फेला परेको थियो।

नेपालमा विद्यालय तहमा बालमैत्री वातावरणमा अध्ययन गराउनुपर्ने कानूनी तथा नीतिगत व्यवस्था कार्यान्वयन नभएको, विद्यालयमा कुटपिट गर्ने यातना दिने प्रवृतिको अझै अन्त्य नभएको, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षाको सम्बन्धमा भएका प्रावधान अनुरुप स्थानीय तहहरुले उदासिनता देखाएका, नेपालको संविधानको धारा ३१ को उपधारा २ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था भएपनि कार्यान्वयन पक्ष फितलो रहेको निष्कर्षका साथ तीनै तहका सरकारले शिक्षासँग सम्बन्ध राख्ने सम्पूर्ण पक्षहरुलाई सम्बोधन गर्नुपर्ने सुझाव अनुगमन टोलीको छ।

## ३.७ ७५ औं अन्तराष्ट्रिय मानव अधिकार दिवस

मानव अधिकार हरेक नागरिकको आधारभूत अधिकार हो, नागरिकले आफ्नो अधिकारको सरल र सहजरूपमा कानून र मानव अधिकारको मूल्य र मान्यता

बमोजिम उपभोग गर्न पाउनु पर्छ । मानव अधिकार संरक्षण सम्वर्धन र मानव अधिकारको प्रत्याभूति गर्न तथा मानव अधिकार संस्कृतिको विकासका लागि मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी भएको दिन १० डिसेम्बर लाई स्मरण गर्दै राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश, विराटनगरबाट ७५औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस सरोकारवालाहरुसँग मिलेर सभ्य र भव्य रुपमा सम्पन्न गरिएको थियो । यसै सन्दर्भमा आयोगले मिति २०८०/०८/२१ गते सत्यनारायण मा.वि., विराटनगर र हिमालय दर्शन कलेज, विराटनगरका मिति २०८०/०८/२२ गते पोखरीया माध्यामिक बिद्यालय, विराटनगरका र मिति २०८०/०८/२३ गते मदर्सा दारुल होदा अल सलमिया माध्यमिक विद्यालय, कोशी गाउँपालिका, सुनसरीका कक्षा ११ र १२ का कानून संकायमा अध्ययनरत विद्यार्थीहरुलाई, मानव अधिकार, बाल अधिकार महिला अधिकार, लैंगिक हिंसा सम्बन्धी १६ दिने अभियान र अन्तराष्ट्रिय मानव अधिकार दिवस १० डिसेम्बरको बारेमा प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो।

मिति २०८०/०८/२४ गते, १० डिसेम्बर २०२३ का दिन भविष्यमा मानव अधिकार संस्कृतिलाई एकीकृत र दिगो बानाउँदै लैजाउँ भन्ने नाराका साथ ७५ औं अन्तराष्ट्रिय मानव अधिकार  दिवस कोशी प्रदेशको विराटनगरमा सभ्य र भव्य रुपमा मनाईयो उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख पवन कुमार भट्टले गर्नुभएको थियो भने प्रमुख अतिथिको कोशी प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव डा. दिपक काफ्ले रहनु भएको थियो । उक्त कार्यक्रममा कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रालय, आर्थिक मामिला तथा योजना  मन्त्रालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, भौतिक पुर्वाधार विकास मन्त्रालय, खानेपानी, सिञ्चाइ तथा उर्जा मन्त्रालय, उद्योग, कृषि तथा सहकारी मन्त्रालय, पर्यटन वन तथा वातावरण मन्त्रालयका सचिव तथा प्रतिनिधिहरु, मोरङ जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुख तथा प्रतिनिधिहरु, बिभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

## ३.८ बाल सुधार गृह, मोरङ

राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयले मिति २०८० माघ ९ गते बाल सुधार गृह, मोरङको अनुगमन गरेको थियो। बाल अधिकार र बालमैत्री वातावरणका बाल विकास, बाल सहभागिता, बाल बचाउ, बाल संरक्षणजस्ता सूचकहरुलाई आधार मानी सुधार गृहको भौतिक अवस्था, स्वच्छ खानेपानी र शौचालयको अवस्था र व्यवहारगत पक्षको अध्ययन गरिएको थियो।

अदालतबाट बाल सुधार गृहमा राखिएकाको मुद्दाको हकमा शीघ्र फैसला हुने व्यवस्था गर्नुपर्ने, भौतिक पूर्वाधारको सुधार गर्नुपर्ने, स्वच्छ खानेपानी तथा शौचालयको उचित प्रबन्ध गर्नुपर्ने तथा बाल सुधार गृहमा १८ बर्षभन्दा बढी उमेर समूहका धेरै भएकाले यस सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुपर्ने वा उचित व्यवस्थापनका लागि निर्देशन दिनुपर्ने कुरा अनुगमन टोलीले औंल्याएको थियो।

## ३.९ सुनसरी, मोरङ तथा झापामा यौनिक तथा लैंङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्था

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरबाट खटिएको टोलीले झापा, मोरङ र सुनसरी जिल्लामा रहेका लैंङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको मानव अधिकारको अवस्थाका विषयमा अनुगमन कार्य सम्पन्न गरेको थियो। मिति २०८० फागुन १७ गतेदखि फागुन २३ गतेसम्म सुनसरी, मोरङ तथा झापा जिल्लाको विभिन्न स्थानीय तहहरुमा लैंङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरुसँग तथा स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधिहरुसँग भेटी यौनिक अल्पसंख्यकको समग्र मानव अधिकारको अवस्थाको विषयमा छलफल गरेको थियो।

मोरङ, सुनसरी तथा झापा जिल्लामा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको यकीन तथ्यांकको अभाव रहेको कुरा छलफलमा अधिकांशको साझा धारणा रह्यो। नेपालको संविधानको धारा १२ मा लैंगिक पहिचानको आधारमा नागरिकता प्रदान गर्ने कुरा उल्लेख गर्नुले संविधान यौनिक तथा लैंङ्गिक अल्पसंख्यक मैत्री

रहेको प्रष्ट हुन्छ। यसका साथै संविधानको धारा १८ मा समानताको हक अन्तर्गत विभिन्न समुदायसहित लैगिक तथा यौनिक अल्पसंख्यक समूदायको अधिकार संरक्षण गर्न राज्यले विशेष कानुन बनाउन सकिने कुरा समेत उल्लेख छ। आयोगबाट विभिन्न समयमा गरिएको अनुगमन तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरुमा प्राप्त तथ्यबाट अधिकांश लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका व्यक्तिहरु आफ्नै परिवार तथा समाजबाट अवहेलनामा परेको हुँदा विभिन्न प्रकारका भेदभावहरुको सामना गर्नुपरेकोले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको मानव अधिकारको सम्बन्धमा सबै सरकारी, गैरसरकारी तथा अन्य सरोकारवाला निकायहरुले समन्वय र सहकार्य गरी व्यापक रुपमा सचेतना जगाउने कार्यक्रमहरु गर्नुपर्ने टडकारो आवश्यकता रहेको छलफलका क्रममा अधिकांश सहभागीको धारणा रहेको थियो। यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरू उपर सामाजिक विभेद भइरहेको, पहिचान, रोजगारी तथा समान लिङ्गबिच बिहेवारी लगायतका मानव अधिकारका विषयहरू सम्बोधन हुन नसकेकाले सो हुनुपर्ने, नागरिकता र राहदानी लिँदा लिङ्गको महलमा "अन्य" उल्लेख हुने गरेकोमा "यौनिक अल्पसङ्ख्यक" लेखिनुपर्ने समेत सो क्षेत्रका अधिकारकर्मीको जिकिरलाई नकार्न नसकिने अनुगमन टोलीको प्रतिवेदनमा उल्लेख छ।

## ३.१० मोरङ, सुनसरी र झापा जिल्लामा आप्रवासी कामदार र मानव बेचविखनको अवस्था

राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयले मोरङ, झापा र सुनसरी जिल्लामा आप्रवासी कामदार र मानव बेचबिखनको अवस्थाका सम्बन्धमा मिति २०८० चैत्र १५ गतेदेखि २१ गतेसम्म अनुगमन गरेको थियो। आप्रवासी कामदार र उनीहरूका परिवारका सदस्यहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९० को धारा २ (१) ले आफू नागरिक नरहेको राष्ट्रमा तलब पाउने क्रियाकलापमा लगाइने वा लागेको वा लगाइएको व्यक्तिलाई सम्झनुपर्दछ भनी आप्रवासी कामदारलाई परिभाषित गरेको छ। यस महासन्धिले आप्रवासी कामदारलाई विभेदविरुद्धको अधिकार, राष्ट्रियताको अधिकार, यातना, अमानवीय, अपमानजनक व्यवहार वा दण्डविरुद्धको अधिकारको प्रदान गरेको छ। यसै

सन्दर्भमा आप्रवासी कामदार र मानव बेचविखनको अवस्थाको विषयमा विभिन्न तथ्यहरुको विश्लेषण गरी राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयको अनुगमन टोलीले निष्कर्ष र सुझाव प्रस्तुत गरेको थियो।

संघीय सरकारले आप्रवासी कामदार तथा मानव बेचबिखनको जोखिम अवस्थामा परी विश्वका विभिन्न मुलुकमा रहेका नेपाली नागरिकको संरक्षण, उद्दार तथा घर फिर्तीका लागि कुटनैतिक पहल गर्नुपर्ने, आप्रवासी कामदारको अधिकारको संरक्षण तथा मानव बेचबिखनको अन्त्यका लागि राष्ट्रिय मानव अधिकार आयोगबाट समय समयमा भएका सिफारिस कार्यान्वयन गर्नुपर्ने, नागरिकलाई मानव बेचबिखनमा पर्न नदिनका लागि जोखिमयुक्त क्षेत्रको पहिचान, त्यस्ता क्षेत्रमा जनचेतना जागृत गर्ने लगायतका संरक्षणका कार्यक्रम सञ्चालन तथा जोखिममा परेकाको उद्दार, संरक्षण, जीविकोपार्जन, पारिवारिक पुर्नमिलन तथा पीडितलाई न्याय दिलाउनका लागि वृहत कार्यक्रम बनाइ कार्यान्वयन गर्नुपर्ने र आप्रवासी कामदारको अधिकारको संरक्षण तथा मानव बेचबिखन विरुद्धको अभियानमा सरकार, नागरिक समाज, गैरसरकारी क्षेत्र, निजी क्षेत्र आदिका बिच प्रभावकारी सहकार्यको नमूना पहिचान गरी कार्यान्वयनमा ल्याउनुपर्ने निष्कर्ष अनुगमन टोलीको छ।

प्रदेश सरकार र स्थानीय सरकारले कामदार तथा मानव बेचबिखनको अवस्थाको पहिचान गरी त्यसको रोकथाम गर्न कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्ने, मानव बेचबिखन पीडित व्यक्तिको जीविकोपार्जनमा सहयोग गर्न कोष स्थापना तथा विविध सहयोग कार्यक्रम सञ्चालन गर्नुपर्ने, प्रदेश सरकारले स्थानीय तहसँगको समन्वयमा जोखिम अवस्थामा रहेका क्षेत्रका व्यक्ति तथा समूदाय र पीडितको पहिचान र अभिलेखीकरण गर्ने कार्य स्वचालित र नियमित गराउनुपर्ने साथै आप्रवासी कामदारको अधिकारबाट बन्चित तथा मानव बेचबिखनमा परेका व्यक्तिको पुर्नःस्थापनाका लागि पुर्नःस्थापना केन्द्रहरु सञ्चालनमा ल्याउनुपर्ने प्रतिवेदनको सिफारिस तथा सुझाव खण्डमा उल्लेख छ।

## ३.११ इलाम जिल्ला क्षेत्र नं २ को उपनिर्वाचनमा मानव अधिकार अवस्था

संविधानसभा अध्यक्ष तथा प्रतिनिधि सभा सदस्य इलाम जिल्ला क्षेत्र नं. २ का सांसद माननीय सुवासचन्द्र नेम्वाङको मिति २०८० भाद्र २६ गते भएको असमायिक निधनका कारण इलाम क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य रिक्त भएको र निर्वाचन आयोग, नेपालको सिफारिसमा नेपाल सरकारको निर्णय बमोजिम मिति २०८१ वैशाख १५ गते रिक्त सदस्य निर्वाचनका लागि उपनिर्वाचन घोषणा गरिएको र सोही निर्वाचनलाई मध्यनजर गर्दै मानव अधिकारको दृष्टिकोणबाट निर्वाचन पूर्व र मतदानको समयमा इलाम जिल्ला क्षेत्र नं. २ को उपनिर्वाचन र मानव अधिकारको अवस्था सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालय, विराटनगरले अनुगमन गरेको थियो।

मानव अधिकारका विश्वव्यापी मूल्य र मान्यताहरुका आधारमा बिश्लेषण गर्दा ईलाम क्षेत्र नं. २ को उपनिर्वाचनको गतिविधि सामान्य रहेको देखिएको थियो। चुनावी प्रचार प्रसार सदभावपुर्ण रुपमा सञ्चालन भएको, चुनावी प्रचार प्रसार सामाग्रीहरु आचारसंहिताले तोकेबमोजिम नै प्रयोग भएको, बालबालिकाको प्रयोग नभएको, भुगोलका आधारमा अधिकांश मतदान स्थल अपाङ्गमैत्री नभएपनि मतदान केन्द्रमा भने अपांग र अशक्तहरुका लागि लेखेर ठाउँ छुट्याइएको, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुलाई दलले पास लिएका यातायातका साधनबाट मतदान स्थलसम्म ल्याइ मतदान गर्ने वातावरण मिलाइएको लगायतका मानव अधिकारमैत्री निर्वाचन प्रणाली अंगिकार गरेको अनुगमन टोलीको निष्कर्ष रहेको छ।

## ३.१२ राष्ट्रिय मानव अधिकार आयोगको २४ औं वर्षिकोत्सव तथा २५ औं स्थापना दिवस कार्यक्रम

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धनका लागि २०५७ साल जेष्ठ १३ गते स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धनका लागि काम गर्दै आएको छ। आयोगले प्रत्येक बर्ष जेष्ठ १३ गतेलाई आयोगको वार्षिकोत्सवको रुपमा मनाउँदै आएकोमा मिति २०८१

जेष्ठ १३ गते आयोगको २४ औं वार्षिकोत्सव कोशी प्रदेश कार्यालय, विराटनगरले भव्यताका साथ सम्पन्न गरेको थियो। उक्त कार्यक्रमको अध्यक्षता राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरका कार्यालय प्रमुख पवनकुमार भट्टज्यूले गर्नुभएको थियो। त्यसैगरी प्रमुख अतिथिको रुपमा कोशी प्रदेशका प्रदेश प्रमुख माननीय परशुराम खापुङज्यू, अतिथिहरु कोशी प्रदेशका मुख्य न्यायाधिवक्ता नारायण ओस्तीज्यू, जिल्ला समन्वय समिति मोरङका उपप्रमुख उषा झाज्यू, मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद अधिकारीज्यू हुनुहुन्थ्यो। उक्त कार्यक्रममा कोशी प्रदेशका विभिन्न मन्त्रालयका कर्मचारी, मोरङ जिल्लाका सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, संघ संस्थाका प्रमुख तथा प्रतिनिधि, मानव अधिकार रक्षक, सञ्चारकर्मी, नागरिक समाज गरी १२० जना भन्दा बढीको सहभागिता रहेको थियो। कार्यालयको तर्फबाट पछिल्लो वर्ष आयोगको गतिविधिबारे विशेष प्रस्तुती मानव अधिकार अधिकृत सुदिप्ती सुवेदीज्यूले प्रस्तुत गर्नुभएको थियो भने स्वागत मन्तव्य मानव अधिकार अधिकृत चिरञ्जीवी कोइरालाज्यूले गर्नुभएको थियो। वार्षिकोत्सव कार्यक्रमको सञ्चालन मानव अधिकार अधिकृत यमराज आङदेम्बेज्यूले गर्नुभएको थियो।

कार्यक्रममा उपस्थित सरकारी कार्यालय प्रमुख तथा प्रतिनिधिहरु, कोशी प्रदेश सरकारका प्रतिनिधि, गैरसरकारी संस्था/महासंघ लगायत संघसंस्थाका प्रतिनिधि, पत्रकार तथा संचारकर्मीहरु, मानव अधिकार रक्षक लगायतको मानव अधिकार सम्बन्धी संविधान, ऐन, नियम कानुनमा भएका विषयहरुमा कटिबद्ध भएर काम गनुपर्ने, मानव अधिकारसम्बन्धी सिफारिसको कार्यान्वयनमा सहकार्य र समन्वय गर्नुपर्ने कुरामा साझा धारणा प्रस्तुत भएको थियो।

## ३.१३ प्रदेश योजना आयोग, कोशी प्रदेशको सवारी साधनमा विद्यार्थीहरुद्वारा आगजनी गरिएको घटना

मिति २०८१ साल जेठ २४ गते मोरङको रंगेली नगरपालिकामा तोडफोड र कर्मचारी, नगर प्रहरीमाथि आक्रमण गरेको आरोपमा ६ जना विद्यार्थी नेता पक्राउ परी इलाका प्रहरी कार्यालय, रंगेलीको हिरासतमा राखिएकोमा निजहरुको रिहाइको

माग गर्दै विराटनगरको रोडसेषमा प्रदर्शन गरी महेन्द्र मोरङ क्याम्पस अगाडि सोही क्याम्पसका विद्याथीहरुद्वारा प्रदेश योजना आयोग, कोशी प्रदेशको को. १ झ ६४४ नम्बरको सरकारी सवारी साधन जलाइएको भनी पत्रपत्रिकामा प्रकाशित घटनाको सम्बन्धमा अनुगमन राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयबाट टोली आकस्मिक अनुगमनमा खटिइ अनुगमन गरी एक प्रतिवेदन तयार पारिएको थियो।

जिल्ला प्रहरी कार्यालय, मोरङका अनुसार २०८१ साल जेठ २४ गते मोरङको रंगेलीमा कानूनी रुपमा हिरासतमा रहेका विद्यार्थी थुनुवाहरुको रिहाइको माग गर्दै विरोध प्रदर्शन गरिएको र सोही घटनाक्रम लाई नै लिएर विद्यार्थीहरुद्वारा सरकारी सवारी साधनको तोडफोड र आगजनी गरेको यकिन भइनसकेको र सो कार्यमा संलग्नहरुको खोजी कार्य जारी रहेकाले यो सम्बन्धमा आयोगले निरन्तर ताकेता र अनुगमन गनुपर्ने निष्कर्ष निकालेको थियो।

## ३.१४ विद्यालय दिवा खाजा कार्यक्रम

बाल अधिकारको दृष्टिकोणबाट नेपाल सरकारले लागु गरेको विद्यालय दिवा खाजा कार्यक्रमको विद्यालय अवस्था र प्रभावकरिताको लागि राष्ट्रिय मानव अधिकार आयोगका प्रदेश कार्यालयबाट कम्तीमा पनि ४ वटा स्थानीय तह अन्तरगतका विद्यालयको आ.व २०८०/०८१ मा आकस्मिक अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने केन्द्रीय कार्यालयका निर्देशानुसार सुनसरी, मोरङ र झापा जिल्लाको स्थानीय तहहरुमा रहेका सुनसरी जिल्ला देवानगञ्ज गाउँपालिकामा रहेका श्री कृष्ण माध्यमिक विद्यालय, सुनसरी जिल्ला हरिनगर गाउँपालिकामा श्री हरिनगरा माध्यमिक विद्यालय, मोरङ जिल्ला उर्लावारी नगरपालिकामा रहेको राधिका माध्यमिक विद्यालय र झापा जिल्लाको विर्तामोड नगरपालिकमा रहेको मोहनमाया माध्यमिक विद्यालयको दिवा खाजा कार्यक्रमको अवस्थाको अनुगमन गरिएको थियो।

विद्यालय दिवा खाजामा प्रयोग हुने खाद्यान्न स्थानीय उत्पादन भएको विद्यार्थीहरुलाई भोको पेटमा पढ्न रुची नहुने भएकाले दिवा खाजा र पढाइबिच सुमधुर सम्बन्ध

रहेको र सोही कारण दिवा खाजा कार्यक्रम पश्चात विद्यार्थीको उपस्थिति बढेको, नतिजामा सुधार भएको कुरालाई नकार्न नसकिने निष्कर्ष अनुगमन टोलीको प्रतिवेदनमा उल्लेख छ।

अनुगमनका क्रममा कुपोषणबाट प्रभावित भएको विद्यार्थी नभएको भन्ने जानकारी प्राप्त भएतापनि जाँच गर्ने संयन्त्र नभएकै कारण यकिन तथ्याङ्क प्राप्त गर्न नसकिने साझा धारणा अनुगमन गरिएका ४ वटै विद्यालयबाट प्राप्त भयो। दिवा खाजा कार्यक्रमको स्थानीय तहबाट अनुगमन भएको र दिवा खाजाको लागि प्रति विद्यार्थी १५ रुपैया रहेकोले उक्त बजेटले पोषणयुक्त खाजा खुवाउन पुग्दैन भन्ने कुरा स्थानीय तह र विद्यालय समेतमा प्रस्तुत अभिव्यक्तिलाई अनुगमन टोलीले गम्भीर रुपमा लिइ त्यस सम्बन्धमा सुझाव तथा सिफारिस खण्डमा आवश्यक व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरेको थियो। सबै विद्यार्थीहरुले दिवा खाजा खानु र दिवा खाजा पश्चात विद्यार्थीहरूको नतिजामा उल्लेख्य सुधार हुनुले विद्यालय दिवा खाजा शिक्षा क्षेत्रका लागि वरदान साबित भएको कुरालाई नकार्न नसकिने निष्कर्ष समेत प्रतिवेदनमा उल्लेख गरिएको थियो ।

## ३.१५ मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था

राष्ट्रिय मानव अधिकार आयोगको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम  नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको अनुगमन गरी प्रतिवेदन पेश गर्न भएको निर्देशानुसार स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा खटिएको टोलीबाट मिति २०८१ साल जेष्ठ १८ गतेदेखि २४ गतेसम्म पाँचथर जिल्लाको फिदिम नगरपालिका र ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिकामा अनुगमन गरिएको थियो।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयले ताप्लेजुङ र पाँचथर जिल्लामा नेपाल सरकारको मानव अधिकार सम्वन्धी पाँचौं राष्ट्रिय कार्य योजनाको कार्यान्वयनको अवस्था तथा जिल्लाको समग्र मानव अधिकारको अवस्थाका सम्वन्धमा सरोकारवालाहरुसँग छलफल कार्यक्रम गरेको थियो। उक्त छलफलबाट जिल्लाको मानव अधिकारको अवस्था सामान्य रहेको, मानव अधिकार

उल्लंघनका छिटफुट घटना हुने गरेको, गाँउ समाजमा बाल अधिकार, महिला अधिकार, जातीय बिभेद, लागु औषध, मादक पर्दाथको सेवन आत्महत्या, बाल विवाह जस्ता घटनाहरु दुबै जिल्लामा हुने गरेको भन्ने सरोकारवालाहरुको भनाइ रह्यो। दुबै जिल्लामा महिला हिंसाका घटना हुने गरेको सम्बन्धमा सुरक्षित बसोबासको व्यवस्थापनका लागि ताप्लेजुङ जिल्लाको सम्पूर्ण स्थानीय तहको सहकार्य जुटाई पुर्नस्थापना केन्द्रका लागि पहल भईरहेको, ताप्लेजुङ जिल्लाको केबुलकारको विवाद र यसले भविष्यमा प्रदेशस्तरसम्ममा पार्नसक्ने असरको बारेमा स्थानीय तह, जिल्ला समन्वय समिति, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय चिन्तित रहेको र समाधानका लागि पहल भई रहेको अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगले उक्त विवादित विषयमा निर्णायक भूमिका खेल्नुपर्ने भन्ने सरोकारवालाको साझा धारणा प्रस्तुत भएको थियो । त्यसैगरी दुबै जिल्लाका जिल्ला समन्वय समितिको प्रमुखहरुले मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा प्रमुखको अध्यक्षतामा बन्ने समिति रहेको समेत जानकारी नभएको र अब तत्काल यसको गठन र कार्ययोजनाको कार्यान्वयनमा गम्भिर रहने प्रतिबद्धता आयोग समक्ष छलफलका क्रममा व्यक्त गर्नुभएको थियो ।

## ३.१६ झापा जिल्ला बुद्ध आदर्श माध्यमिक विद्यालयमा अनुशासन इन्चार्जले कुटेर विद्यार्थीहरु अस्पताल भर्ना

झापा जिल्ला बुद्धशान्ति गाउँपालिका वडा नं. १ स्थित बुद्ध आदर्श माध्यमिक विद्यालय कक्षा ७ का विद्यार्थीहरुलाई विद्यालयका डिसिप्लिन इन्चार्ज विवेश भण्डारीद्वारा रवरको पाइपले कुटपिट गरि १५ जना विद्यार्थी अस्पतालमा भर्ना भनी पत्रिकामा प्रकाशित समाचारको सम्बन्धमा मिति २०८१ साल असार १४ गते राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश, विराटनगरको अनुगमन टोलीले अनुगमन गरेको थियो।

उक्त घटनालाई विद्यालयले तत्कालै सम्बोधन गरेको र पिडक भनिएका शिक्षकलाई विद्यार्थीलाई भौतिक कारवाही गर्ने कार्य कानून विपरित हो भनि बोध

गराउन स्पष्टीकरण माग गरेको टोलीले तथ्यमा उल्लेख गरेको छ। विद्यालयमा अनिवार्य मनोपरामर्शदाताको व्यवस्थापन गर्ने नीति निर्माणको आवश्यकताबारे स्थानीय तह लगायत जिम्मेवार निकायले तदारुकताका साथ अघि बढाउनुपर्ने निष्कर्ष अनुगमन टोलीले निकालेको छ।

### ३.१७ धरानमा नगरप्रमुख र महिला पत्रकारबिच भएको घटनाको विषय

सार्वजनिक सरोकारका विषयमा सरोकारवालासँग सार्वजनिक सुनुवाइ गर्नुपर्ने कानूनी व्यवस्था गरिएको छ। मिति २०८१ असार १९ गते जिल्ला प्रहरी कार्यालय सुनसरीको आयोजनामा धरान उपमहानगरपालिका स्थित नेवा सिद्ध हलमा प्रमुख अतिथि धरान उपमहानगरपालिकाका प्रमुख हर्क साम्पाङ, अतिथिहरु जिल्ला प्रशासन कार्यालय सुनसरीका प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी कार्यालय सुनसरीका प्रमुख, इलाका प्रहरी कार्यालय धरानका कार्यालय प्रमुख लगायत सबै राजनीतिक दलका प्रतिनिधिहरु र सम्बन्धित व्यक्तिहरुको उपस्थिति रहेको सार्वजनिक सुनुवाइ कार्यक्रममा पत्रकार सञ्जिता धमला उपस्थित भइ आफ्नो भनाइ र विचार व्यक्त गरेको विषयलाई लिएर नगर प्रमुखको कार्यकक्षमा बोलाइ दुर्व्यवहार गरेको भनी विभिन्न समाचारमा सम्प्रेषण गरिएको समाचारप्रति आयोगको ध्यानाकर्षण भइ अनुगमन टोली खटिइ सम्बन्धित व्यक्तिसँग उक्त घटनाका बारेमा स्थलगत बुझी यो अनुगमन प्रतिवेदन तयार गरेको थियो।

सार्वजनिक सुनुवाइमा सञ्चारकर्मी सञ्जिता धमलाले पहाडबाट धरानमा पढाइका लागि आउने विद्यार्थीहरु रोजगारको अवसर नभएकोले बाध्य भइ यौनजन्य (वेश्यावृत्ती) कार्यमा संलग्न भइ यस्तो कार्य बढेको र धरानका जनप्रतिनिधिहरुले मोटो रकम घुसपैठ गरी नागरिकताको सिफारिस गर्ने गरेको प्रति स्थानीय सरकारले ध्यानाकर्षण गर्नुपर्ने भनी अभिव्यक्ति दिएका थिए। सो अभिव्यक्तिलाई लिएर नगर प्रमुख हर्क साम्पाङले सामाजिक सञ्जाल फेसबूक मार्फत सबुत र प्रमाण लिएर आफ्नो कार्यकक्षमा उपस्थित हुनु भनी पोस्ट गरेका थिए। मिति २०८१ असार २१ गते सञ्जिता धमला नगर प्रमुख हर्क साम्पाङको कार्यकक्षमा जाँदा नगर प्रमुखले दुर्व्यवहार गरेको भनी आयोगलाई ध्यानाकर्षण गराइएको थियो ।

अनुगमनका क्रममा अनुगमन टोलीले सञ्जिता धमला, इलाका प्रहरी धरानका प्रमुख र नगर प्रमुख हर्क साम्पाङसँग भेटेर सोधपुछ गरी सत्यतथ्य प्राप्त गरेको थियो। सो आधारमा नेपालको संविधानको धारा १७ उपधारा (२)(क) अनुरुप विचार र अभिव्यक्तिको स्वतन्त्रताको व्यवस्था गरिएको छ, तथापी आफ्नो स्वतन्त्रताको अधिकारको प्रयोग गर्दा अरुको अधिकारको पनि सम्मान गर्नुपर्ने, नागरिक भएको हैसियतले सार्वजनिक निकायलाई सार्वजनिक कार्यको विषयमा खबरदारी गर्न पाउने, तर प्रमाण बिना कसैलाई आरोप तथा प्रत्यारोप गर्न नपाउने कानूनी व्यवस्था छ। सार्वजनिक पद धारण गरेको व्यक्तिले अभिव्यक्ति दिंदा अन्य व्यक्तिको सम्मान र प्रतिष्ठामा आँच आउने किसिमको अभिव्यक्ति प्रस्तुत गर्न नपाउने कानूनी व्यवस्था छ। सार्वजनिक सुनुवाईमा उठेका विषयलाइ समाधान गर्न यसरी एक अर्का प्रति आरोप प्रत्यारोप लगाउनु भन्दा नागरिकले सकेसम्म पदधारण गरेको व्यक्तिलाई आफूसँग भएको सबुत तथा प्रमाण पेश गरी सहयोग गर्नु पर्ने र पदधारण गरेको व्यक्तिले गोपनियताको मध्यनजर गर्दै सामाजिक सञ्जालमा सम्प्रेषण गर्नु भन्दा संविधान र प्रचलित कानून बमोजिम अगाडी बढ्नु उपयुक्त हुने निष्कर्षमा आयोगको अनुगमन टोली पुगेको थियो ।

# परिच्छेद ३

## ४. विषयगत महासन्धीमा आधारित मानव अधिकारको अवस्था

### ४.१ जातीय भेदभाव विरुद्धको अधिकार

जात विशेषको आधारमा गरिने निषेध, बहिष्करण र विभेदजन्य कार्यलाई जातीय भेदभावका रूपमा लिइन्छ। मानिस जन्मसिद्ध रूपमा स्वतन्त्र र समान भएकाले जातजाति, उत्पत्ति, धर्म, वर्ण, लिङ्ग, पेसा-व्यवसाय, राष्ट्रियता लगायत कुनै पनि आधारमा भेदभाव गर्न पाइँदैन। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा जाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक वा अन्य विचारधारा, राष्ट्रियता वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य कुनै हैसियत लगायतका कुनै पनि आधारमा कुनै पनि किसिमको भेदभाव गर्न नपाइने उल्लेख छ।

नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा १८ मा समानतको हक, धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकमा कुनै पनि व्यक्तिलाई जाति, वंश, समुदाय वा पेसाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातीय भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडितले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने व्यवस्था सम्बन्धि प्रावधान छ। जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ ले जातीय भेदभाव र छुवाछुतलाई दण्डनीय मानि सजायको व्यवस्था तोकेको देखिन्छ। शैक्षिक क्षेत्रमा दलित समुदायको उपस्थिति कम भएको तथ्यलाई ध्यानमा राखी सरकारले कक्षा दशसम्म निःशुल्क शिक्षा, उच्च माध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षण नीति अवलम्बन गरेको छ। यस कोशी प्रदेश कार्यालयमा जातीय बिभेद शिर्षकमा १ मात्र उजुरी देखिन्छ।

आयोगले कोशी प्रदेश अन्तरगतका जिल्लाहरुमा जातीय विभेद तथा छुवाछुत विरुद्धको अधिकार सम्बन्धमा अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुका साथै विभिन्न सम्बन्धित कार्यक्रमहरूमा उपस्थित जनाइ यस्ता घटनाका विरुद्ध आवाज उठाउदै आइरहेको छ। उक्त कार्यक्रम तथा विभिन्न अन्तरक्रिया

कार्यक्रममा सहभागीहरुबाट राखिएका भनाइहरुले जातीय विभेद तथा छुवाछुत कायमै रहेको देखिन्छ। अन्तरजातीय विवाहलाई अझै पनि समाजले सहजरुपमा स्वीकार गर्न नसकेको, अन्तरजातिय बिवाह भएमा ज्यानै लिने गरी कुटपिट गर्ने जस्ता उदाहरणहरु देखिन्छ। सार्वजनिक दलित पदाधिकारीहरुलाई केवल नाम मात्रको कोटा अनुसारको प्रतिनिधित्व गराइएको, माइन्युटमा हस्ताक्षर गर्नु बाहेक अन्य कार्य जिम्मेवारी  नदिइएको, दलितका मुद्दा तथा सवालहरु सरोकारवालाहरु संबोधन गर्न तदारुकता देखाउन आनाकानी गर्ने गरेको, दलितलाई विकास निर्माण देखि साँस्कृतिक कार्यक्रमबाट बहिस्कृत गर्ने गरेको रहेको जस्ता गुनासो सुन्ने गरिएको छ। दलित तथा पिछडिएका वर्गलाई विभेद, विद्यालय तथा सार्वजनिक स्थलमा छुवाछुतजन्य भेदभाव जस्ता घटनाहरू निरन्तर भइरहेका छन।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले राज्यका हरेक तह, संघसंस्थामा दलितको अनिवार्य उपस्थिति र सहभागिता हुनुपर्ने व्यवस्था साथै समयको अन्तराल, शिक्षा तथा शैक्षिक वातावरणको विकास र विश्वब्यापिकरणको प्रभावसँगै दलितहरुको समस्या समाधान हुने कुरामा दुई मत छैन्। यसका लागि मानव सभ्यताकै कलङ्कका रूपमा रहेको यस कुप्रथाको अन्त्य जरुरी छ। जसका लागि कानुनको प्रभावकारी कार्यान्वयन र आर्थिक स्तरमा वृद्धि एवं चेतनामूलक कार्यक्रमहरूलाई एकसाथ लैजानुपर्ने आजको टड्कारो आवश्यकता छ।

## ४.२ नागरिक तथा राजनीतिक अधिकार

मानव अधिकार हरेक व्यक्तिले नागरिकको हैसियतले प्राप्त गर्ने सम्पूर्ण अधिकारहरू हुन्, जसलाई राष्ट्रिय रूपमा संविधान, ऐन, कानुन तथा अन्तर्राष्ट्रिय रूपमा सन्धि-महासन्धिमा उल्लेख गरिएको हुन्छ । नागरिक तथा राजनीतिक अधिकारको अवस्था अनुगमनबाट नै देशको समग्र मानव अधिकार अवस्था कस्तो छ भनी हेर्न र विश्लेषण गर्न सकिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ जारी गरेपछि संयुक्त राष्ट्रसंघबाट सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि जारी गरिएको हो। यस महासन्धिले अभिव्यक्ति स्वतन्त्रताको अधिकार, गोपनीयताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार, धार्मिक

स्वतन्त्रताको अधिकार, सङ्गठित हुने र भेला हुन पाउने अधिकार, स्वच्छ सुनुवाईको अधिकारका अतिरिक्त निर्वाचनमा भाग लिन र निर्वाचित हुन पाउने लगायतका अधिकारहरूको प्रत्याभूति गरेको छ।

नेपालको संविधानले मानव अधिकारको विषयलाई विशेष प्राथमिकता दिएको छ। संविधानको प्रस्तावनामा नै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार र आवधिक निर्वाचनका सम्बन्धमा उल्लेख छ। त्यसैगरी पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालाई आत्मसात् गरेको छ। विगतका संविधानहरूको तुलनामा यस संविधानमा थप अधिकारहरुको यकिन गरी आर्थिक, सामाजिक अधिकारका विषयहरू मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। संविधानतः स्थानीय तह, प्रादेशिक तह र संघीय सरकारहरु गठन भएका छन्। संविधानले स्थानीय तहमा न्यायिक समितिको परिकल्पना गरेकोबाट मानिसहरुले आफ्नो घर दैलोमा न्याय प्राप्त गर्ने अवस्थाको सृजना भएको छ।

आयोगको यस कार्यालयमा बाँच्न पाउने अधिकार, न्याय प्रशासन र अन्य नागरिक तथा राजनीनिक अधिकार सम्बन्धीत उजुरीहरु दर्ता हुन आएका छन्। न्याय प्रशासनसँग सम्बन्धीत उजुरीहरु गैरकानूनी थुना, पुनः पक्राउ, प्रहरीबाट प्रभावकारी अनुसन्धान नभएको, प्रदर्शन तथा वन्द हड्तालमा सुरक्षाकर्मीहरुबाट अत्यधिक वल प्रयोग गरेको आदि विषयसँग सम्बन्धीत मानव अधिकारको हनन् भएको भनिएका उजुरी पनि आयोगमा छन्। यी उजुरीहरु राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय, विराटनगरबाट अनुसन्धान भइरहेका छन।

## ४.३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ ले लिखित रुपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक जस्ता आधारभूत अधिकारहरुको संरक्षण गरेतापनि १९६६ डिसेम्बर १६ मा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारकै संरक्षण गर्न भनी ३१ वटा धाराको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी

अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ आएको हो। सो अनुबन्धलाई नेपालले सन् १९९१ मे १४ मा अनुमोदन गरेको थियो।

यस अनुबन्धका धाराहरु राज्यका श्रोतको उपलब्धताको आधारमा निर्धारण हुने प्रगतिशील अनुभूति (progressive realization) का विषय हुन्। यद्यपि, यसका प्रावधानहरुलाई नेपालको संविधानको मौलिक हकहरु (तत्काल कार्यान्वयन/ immediate realization) तथा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वहरु (प्रगतिशील अनुभूति) दुवैमा समावेश गरेको पाइन्छ। यस अन्तर्गत बाँच्नका लागि अत्यावश्यक गाँस, बाँस र कपासका अधिकारदेखि वैयक्तिक विकासका लागि चाहिने शिक्षा, रोजगारका अधिकार समेत पर्दछन्।

यस आयोगले अनुगमन गर्ने क्रममा कोशी प्रदेशमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको समग्र अवस्थाको मूल्यांकन गर्दा शिक्षा र स्वास्थ्य लगायत वैयक्तिक विकासको अवस्था अघिल्लो वर्षको तुलनामा सुधारोन्मुख देखिन्छ, बाँच्न अत्यावश्यक खाद्य, आवास र कपासको अधिकारको अवस्था पनि प्रगतिशील छ। यद्यपि यी अधिकारहरुको पूर्ण प्रत्याभूतिका लागि बनेका कानून, नीति तथा नियमहरुको कार्यान्वयनको अवस्था भने अपेक्षित रहेको पाइदैंन। मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना ले (२०७७-७८ देखि २०८१-८२) पनि मुख्यतः आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कै कार्यान्वयनको सहजीकरणको उद्देश्यले ल्याइएको छ। तथापि यसै कार्ययोजनाको कार्यान्वयनको अवस्था सन्तोषजनक छैन।

हाल, यस राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी ७६ वटा उजूरीहरु अनुसन्धानका क्रममा रहेका छन् । यस कार्यालयबाट सो विषयमा प्रवर्द्धनात्मक र संवर्धनात्मक दुवै कार्यहरु तदारुकताका साथ भइरहेका छन् ।

## ४.४ महिला अधिकार

महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ वि.सं. २०४८ वैशाख ९ गते इ.सं. अप्रिल २२, १९९१ मा अनुमोदन गरेको नेपालले, नेपालको संविधानको धारा ३८ मा महिला अधिकार भनी विशेष व्यवस्था गरेको छ। सोही अनुरुप नेपालको अन्तरिम संविधान, २०६३ को विकास पश्चात् आएको लैङ्गिक समानता सम्बन्धी ऐन, २०६३ देखि नेपालको नागरिकता ऐन, २०६३ को हालैको संशोधनसम्म विश्लेषण गर्दा महिला मैत्री कानूनहरु क्रमशः बढ्ने क्रममा छन्। यसले नेपालको कानूनी व्यवस्था महिलाको लागि सकारात्मक रुपमा परिवर्तनशील रहेको संकेत गर्दछ।

कोशी प्रदेशका सन्दर्भमा यहाँ रहेको मिश्रित सामाजिक परिवेशले यहाँको महिलाहरुको अवस्था प्रगति उन्मुख नै रहेको सूचित गर्दछ। यद्यपि यसै मिश्रित समाजकै उपज हालसम्म कायम रहेको पितृसत्तात्मक सामाजिक परिवेश र यसैका कारण रहिरहेको वैवाहिक परिवेशमा बढ्दो महिला विरुद्धको हिंसा वा घरेलु हिंसा, बालविवाह र यसले ल्याएको प्रजनन स्वास्थ्यमा समस्या महिलाहरु नै पीडित भइरहेको देखिन्छ। सो सँगै महिला मैत्री कानून भएतापनि सम्पत्ति सम्बन्धी हक हाल पनि पूर्ण कार्यान्वयको अवस्थामा पुग्न नसक्नु, महिला सहभागिताको विषय अहिलेसम्म पनि चर्चाकै विषय बनिरहनुले कानूनको पहुँच र कार्यान्वयनको पक्षमाथि प्रश्न उठाइरहेको छ। साथै, खुल्ला सीमाले बढाएको लागु औषध ओसारपसार र त्यसमा महिलाहरुको प्रयोग तथा मानव बेचविखनमा महिलाहरु पीडित रहिरहेको देखाउँछ। यसले महिलाको समग्र विकासमा बाधा सिर्जना गरेको र महिलाले मानव अधिकारको पूर्ण प्रत्याभूत गर्न पाउने अवस्था रहन नसकेको संकेत गर्दछ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश, कार्यालयमा अहिलेको तथ्याङ्कमा विभिन्न समयमा दर्ता भइ आएका महिला विरुद्धका मानव अधिकार उल्लंघनका ८ वटा घटनाहरु अनुसन्धानका क्रममा छन्। यस तथ्याङ्कले महिलाका सन्दर्भमा नेपाली समाज महिला अधिकारका सवालमा अघि बढिरहेको देखाएतापनि, आयोगले

परामर्श प्रदान गरिरहेको महिलाहरुको संख्यामा भने कमि आइरहेको देखिदैंन। कोशी प्रदेशको सन्दर्भमा बढ्दो बालविवाह यसले ल्याउने घरेलु हिंसा र सम्बन्ध विच्छेद, परिणाम स्वरुप यसले बाल मनोभावमा दीर्घकालीन रुपमा पुर्याउने असरले कानूनी व्यवस्थाको अवस्था सुधारोन्मुख रहेतापनि सामाजिक तथा व्यवहारिक रुपमा सो कानूनहरुको कार्यान्वयनको पक्षमा जोड दिन प्रयत्न गरे कानूनले परिकल्पना गरेको महिला अधिकारको पूर्ण प्रत्याभूत हुन सक्छ।

## ४.५ बाल अधिकार

बाल अधिकार सम्बन्धी महासन्धि १९८९ ले १८ वर्षमुनिका उमेरसमूहलाई बालबालिकाको रुपमा परिभाषित गरेको छ। विश्वव्यापी कानूनी व्यवस्था र महासन्धिहरुको परिपालना र अभ्यास गर्ने क्रममा नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकको व्यवस्था गरेको छ। बालबालिका सम्बन्धी ऐन, २०७५ र अन्य सामान्य र विशेष कानूनहरुमा समेत बालबालिकाको विकास, बचाउ, संरक्षण र सहभागिताका लागि व्यवस्थाहरु गरिएका छन्।

कोशी प्रदेशमा बालबालिकाको अवस्थालाई अध्ययन गर्दा कानूनी व्यवस्थालाई कार्यान्वयन नगरिएको कारणबाट बालमैत्री वातावरण निर्माण गर्न नसकिएको भान हुन्छ। बालश्रम शोषण, विद्यालय तहमा हुने बाल अधिकार उल्लघंनका घटनाहरु, सुरक्षा संयन्त्रमा बालमैत्री कानूनको परिपालनामा बेवास्ता, बाल सुधार गृहमा देखिने बाल अधिकार उल्लंघनका प्रतिनिधि घटनाहरु, पारिवारिक तथा सामाजिक क्षेत्रमा हुने बाल यौन शोषण आदि यहाँका मुख्य समस्याहरु हुन। बालविवाहले ल्याएको बढ्दो सम्बन्ध विच्छेद र यसले बालबालिकाको मनोविज्ञानमा पार्ने दीर्घकालीन असर पनि एउटा समस्या बनेको छ। यद्यपी नेपालले अंगिकार गरेको नयाँ संघीय संरचनामा रहेका प्रदेश र स्थानीय तहमा बाल अधिकारसम्बन्धी कार्य गर्न बनेका संयन्त्रहरुले बाल अधिकारका क्षेत्रमा नयाँ आयाम थपेको कुरालाई नकार्न सकिन्न।

आयोगले बाल अधिकारको अवस्थाका सम्बन्धमा विभिन्न अनुगमन र अनुसन्धान समेत गरी नेपाल सरकारसमक्ष सिफारिस गरेको भएतापनि कानूनी जटिलता र

राजनीतिक इच्छाशक्ति समेतका कारण केही सिफारिसहरु कार्यान्वयनमा आएका छैनन्। बाल अधिकारको क्षेत्रमा अपेक्षित नतिजा प्राप्त गर्नका लागि सरकारी तवरबाट सिफारिस कार्यान्वयन गर्ने र आवश्यक समन्वय र सहकार्य गरिनुपर्ने आवश्यकता देखिएको छ।

## ४.६ यातना विरुद्धको अधिकार

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ५ र यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनका व्यवहार वा दण्डविरुद्धको महासन्धि १९८४ समेतले यातनालाई निषेध गरेको छ। यातना विरुद्वको अधिकार सम्बन्धमा नेपालको संविधान, २०७२ ले यातनाविरुद्धको हकलाई मौलिक हक अन्तर्गत धारा २१, अपराध पीडितको हक, धारा २२ मा यातना विरुद्धको हक, धारा २३ निवारक नजरबन्द विरुद्धको हक र धारा २९ ले शोषण विरुद्धको हक समावेश गरेको छ। यातना क्षतिपूर्ति ऐन, २०५३ ले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू नै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिन नहुने कुरा उल्लेख गरेको छ।

राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश, कार्यालयमा यातना सम्बन्धमा ३५ वटा उजुरी विभिन्न मितिमा दर्ता भई अनुसन्धानको क्रममा रहेका छन्। कोशी प्रदेशमा यातनाका घटनामा अघिल्लो वर्षहरुको तुलनमा धेरै कमी आएको देखिन्छ। प्रहरी प्रशासनमा आएको मानव अधिकारसम्बन्धी चेतनाको व्यवहारिक अबलम्बनका कारण र सरकारी तवरबाट नै यातनाका घटनालाई गम्भिर अपराधको रुपमा परिभाषित गर्नुले यातनाको घटनामा कमी आएको कुरालाई प्रधान मान्न सकिन्छ। केही यातनाका घटना निराकरणका सम्बन्धमा सरोकारवाला सबैको सहकार्य र समन्वय हुनु समेत जरुरी देखिएको छ।

## ४.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ ले अपाङ्गता भएका व्यक्तिहरुको जीवनसँग जोडिएका समग्र अधिकारलाई सुनिश्चित गरेको छ। महासन्धिले कानूनका अगाडि सबै समान लगायत विभेदविरुद्धको अधिकारलाई

समेत जोड दिएको छ। विश्वव्यापी समानताको सिद्धान्तलाई अंगिकार गर्दै नेपालमा पनि कानूनी तथा नीतिगत रुपमा अपाङ्गता भएका व्यक्तिहरूको संरक्षण तथा विकाससँग सम्बन्धित विभिन्न व्यवस्था गरिएको छ।

नेपालको संविधानमा उल्लेख भएका धारा १८ मा समानताको हक, धारा ४२ मा सामाजिक न्यायको हक र धारा ४३ मा सामाजिक सुरक्षाको हकसमेतमा अपाङ्गता भएका व्यक्तिहरुको न्याय र अवसरका लागि विभिन्न व्यवस्थाहरु समेटिएका छन्। कोशी प्रदेशमा अपाङ्गताको अवस्था सन्तोषजनक भए तापनि कतिपय अवस्थामा अपाङ्गमैत्री कानूनको पालना नभएको पाइन्छ। अपाङ्गमैत्री भवनको अभावमा सरकारी तथा अन्य सेवा र सहभागीतामा अपाङ्गता भएका व्यक्तिहरुको समान पहुँच नहुनु, आरक्षण तथा समावेशीता लागु गर्ने क्रममा वास्तविक अपाङ्गहरु वञ्चित हुनु, मानसिक अपाङ्गता भएकाहरुलाई मानवीय व्यवहार नगरिनुले कानूनी व्यवस्था र वास्तविकतामा तादम्यता नदेखिएको कुरा स्पष्ट छ ।

आधारभूत सेवा सुविधा तथा सार्वजनिक स्थलमा अपाङ्गतामैत्री सेवा प्रवाह र संरचना निर्माण गरिनुपर्ने आवश्यक्ता देखिएको छ। वर्तमान आरक्षण प्रणाली र समावेशीताको सिद्धान्तलाई वास्तविक अपाङ्गता भएका व्यक्तिसम्म पुऱ्याउन आवश्यक पहल गर्न सरोकारवालाहरु जागरुक हुनुपर्ने कुरामा दुइमत छैन ।

## ४.८ बलपूर्वक बेपत्ता

मानिसलाई बलपूर्वक वेपत्ता पार्ने कार्य मानव अधिकारको गम्भिर उल्लंघन हो। बलपूर्वक बेपत्ता परिएका सबै व्यक्तिहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि २००६ ले राज्यको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नतामा व्यक्तिहरुलाई बेपत्ता पार्ने कार्यलाई बलपूर्वक बेपत्ता पार्ने कार्यको रुपमा परिभाषित गरेको छ। बलपूर्वक बेपत्ता पार्ने कार्यलाई महासन्धिले अपराधको रुपमा परिभाषित गर्दै व्यापक र सुनियोजित रुपमा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई मानवताविरुद्धको अपराधको रुपमा परिभाषित गरेको छ। नेपालमा दश वर्षे (वि.स. २०५२—२०६३) लामो सशस्त्र संघर्षको अवधिमा हजारौं व्यक्तिहरु द्वन्दरत पक्ष र सरकारबाट समेत

गैरकानूनी तरिकाले नियन्त्रणमा बलपूर्वक बेपत्ता पारिएको कुरालाई नकार्न सकिन्न।

विस्तृत शान्ति सम्झौताको सत्र वर्ष पुरा हुँदा समेत नेपालमा दश वर्षसम्म चलेको सशस्त्र द्वन्दकालमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक हुन सकेको छैन। बेपत्ता पारिएका व्यक्तिका सम्बन्धमा आयोगमा परेका उजुरी आयोगले छानबिन र शवोत्खन्न समेत गरी दोषीलाई कारवाही, पीडित परिवारलाई क्षतिपूर्ति र बेपत्ता भएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्नको लागि सरकारलाई हालसम्म १८६ वटा सिफारिस गरेको छ। आयोगको कोशी प्रदेश कार्यालयमा ६५ वटा उजुरी विचाराधीन छन्। संक्रमणकालीन न्यायको सम्बन्धमा चासो राख्दै आयोगले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्यनिरुपण तथा मेलमेलाप आयोगका पदाधिकारीहरुसँग समय समयमा भेटघाट तथा छलफल समेत गर्दै आइरहेको छ। बेपत्ता पारिएका व्यक्तिको यकिन तथ्यांकको अभाव छ। बेपत्ताको अधिकार सम्बन्धमा सत्यनिरुपण तथा मेलमिलाप आयोगको मर्मअनुरुप आयोगले कार्य गरी सरकार समेत कटिबद्ध भएमा समस्या समाधान हुने निश्चित छ।

## ४.९ जेष्ठ नागरिकको अधिकार

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई जेष्ठ नागरिक मानेको छ। ज्येष्ठ नागरिकहरु शारीरिक र मानसिक रूपमा अशक्त वा कम क्रियाशील हुन्छन्। ज्येष्ठ नागरिकहरुलाई समाजका ऐना, अनुभवका खानी, ज्ञानका भण्डार तथा राष्ट्रका मार्गदर्शकका रुपमा समेत सम्मान गर्ने गरिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावहरूको उन्मूलनविरुद्धको महासन्धि लगायतका अन्तर्राष्ट्रिय दस्तावेजहरुले ज्येष्ठ नागरिकहरूको अधिकारलाई संरक्षण गरेका छन्। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २५ (ख) मा जेष्ठ नागरिकहरूलाई

थप अपाङ्गता हुन नदिन न्यूनीकरण वा रोकथाम गर्नको लागि स्वास्थ्य सेवाहरू प्रदान गरिनुपर्ने व्यवस्था छ। सोही महासन्धिको धारा २८ (ख) मा अपाङ्गता भएका जेष्ठ नागरिकहरूको लागि सामाजिक सुरक्षा कार्यक्रम तथा गरिबी न्यूनीकरणका कार्यक्रमहरूमा पहुँच सुनिश्चित गर्ने भनिएको छ। त्यसैगरी बुढ्यौलीसम्बन्धी भियना अन्तर्राष्ट्रिय कार्ययोजना, १९८२, संयुक्त राष्ट्रसङ्घको महासभाबाट १६ डिसेम्बर १९९१ मा पारित राष्ट्रसङ्घीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरू, एसिया तथा प्रशान्त क्षेत्रका लागि बुढ्यौलीसम्बन्धी मकाउ कार्ययोजना, १९९८ मा समेत ज्येष्ठ नागरिकको हक अधिकारका विषयहरु उल्लेख छ।

नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने व्यवस्था गरेको छ। समानताको हकअन्तर्गत धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ। ज्येष्ठ नागरिकको अधिकारको सम्मान र संरक्षणको लागि जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ हाल कार्यान्वयनमा रहेको छ। ऐनबमोजिम ज्येष्ठ नागरिकको हेरविचार, स्याहारसुसार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय, प्रदेश र स्थानीय स्तरमा जेष्ठ नागरिक समितिहरुको गठन गर्ने, परिचय पत्र तथा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने व्यवस्था छ। सामाजिक सुरक्षा ऐन, २०७५ ले सामाजिक सुरक्षा भत्ता आदिको व्यवस्था गरेको छ। मुलुकी देवानी संहिता २०७४ को दफा १९ मा सकारात्मक विभेद तथा दफा १२२ मा छोराछोरीको आमाबाबुप्रतिको कर्तव्य समेत उल्लेख गरिएको छ।

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम जेष्ठ नागरिक भन्नाले कर्णाली क्षेत्रका हुम्ला, जुम्ला, मगु, कालीकोट र डोल्पामा बस्ने नागरिक तथा यस कार्यविधिका अनुसूची १ मा उल्लेख भएका दलित नागरिकका हकमा ६० वर्ष उमेर पुरा भएका एवंम् अन्य नागरिकका हकमा ७० बर्षको उमेर पुरा भएका नेपाली नागरिकलाई जनाउँछ। सामाजिक सुरक्षाको अवधारणाअनुसार

सरकारले हाल सामाजिक सुरक्षाअन्तर्गत ६८ वर्ष उमेर पुरा गरेका जेष्ठ नागरिकलाई मासिक चार हजार रुपियाँका दरले भत्ता प्रदान गर्दै आएको छ। सरकारले ज्येष्ठ नागरिकका लागि मनोरञ्जन तथा तोकिएका क्षेत्रहरूमा विशेष छुट प्रदान गर्न सेवाप्रदायकहरूलाई उत्प्रेरित गर्ने नीति लिएको छ। त्यसैगरी सम्मानित सर्वोच्च अदालतले ऐनअनुरूप ज्येष्ठ नागरिकहरूलाई सार्वजनिक तथा अन्य सेवामा ५० प्रतिशत छुट दिन सरकारका नाममा परमादेशको आदेशसमेत जारी गरेको छ। सरकारले सार्वजनिक सवारी साधनहरूमा ज्येष्ठ नागरिक आरक्षण सिटको व्यवस्था गरी भाडामा ५० प्रतिशत छुट दिने नीति लिएको छ। पछिल्लो समय बिभिन्न स्थानीय तहहरु मार्फत ज्येष्ठ नागरिक केन्द्रित बजेट र बिभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन्। अशक्त ज्येष्ठ नागरिकहरुलाई घरमै पुगेर सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने, घुम्ती शिविर सञ्चालन गरी स्वास्थ्य सेवा उपलब्ध गराउने, जाडोको समयमा न्यानो कपडा वितरण गर्ने, सम्मान गर्ने लगायतका सकरात्मक कार्यहरुले निरन्तरता पाउन थालेका छन्। यद्यपी सबै बर्गका ज्येष्ठ नागरिकहरु यस्ता सेवाहरुको पहुँचमा छैनन्। जसले गर्दा अझैपनि घेरै ज्येष्ठ नागरिकहरुको मानव अधिकार अपेक्षित रुपमा संरक्षण हुन सकेको अवस्था छैन।

जेष्ठ नागरिकलाई सम्मान गरौं, उनीहरुमाथि कुनैपनि हिंसा, दुर्व्यवहार, अपमान व्यवहार, हेला नगरौं भनी नयाँ पुस्तालाई सन्देश दिने तथा समाजमा सचेतना पुऱ्याउने जस्ता कार्यक्रमहरु विभिन्न संघसँस्था तथा निकायहरुबाट सञ्चालन गरिएको भएपनि समाजमा जेष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार हुन सकेको छैन। जेष्ठ नागरिकमाथि हुने शोषण र र्दुव्यवहारविरुद्ध कानूनी उपचारको भरपर्दो व्यवस्था नभएको र भएका कानूनी व्यवस्थाको समेत प्रभावकारी कार्यान्वयन नभएको पाइएकोले ज्येष्ठ नागरिकहरूको अधिकार संरक्षण सम्बन्धमा ऐनमा भएका सबै व्यवस्थाहरू र अदालतबाट भएका आदेशहरूको प्रभावकारी कार्यान्वयन गर्न र ज्येष्ठ नागरिकहरूको लागि सेवा केन्द्रको निर्माण गर्नुभन्दा पनि आफ्ना सन्ततिसँगै बस्ने वातावरण वनाउनका लागि सबैको बीचमा सहकार्य/समन्वय आवश्यक देखिन्छ।

## ४.१० यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको अधिकार

नेपालको संविधानले मानव अधिकारको सामान्य सिद्धान्तहरुलाई आत्मसात गरेको छ। जीवन, समानता, स्वतन्त्रता र मर्यादा मानव अधिकारका मूलभूल बिषयहरु हुन्। लिङ्गको आधारमा गरिने विभेद मानव अधिकार बिरुद्ध हुन्छ। यस्ता कार्यहरु कानूनी रुपमा दण्डनीय हुन्छन्। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १ बमोजिम सबै व्यक्तिहरु जन्मजात स्वतन्त्र हुन् र ती सबैको समान अधिकार र महत्व छ भनी उल्लेख गरेको छ। धारा २ मानिस जन्मजात स्वतन्त्र हुने भएकाले रङ्ग वर्ण, लिङ्ग, जात वा भाषाको आधारमा कुनै बिनाभेदभाव मानव अधिकार परिपूर्ति समान रुपमा गर्ने भनिएको छ। धारा ३ बमोजिम प्रत्येक व्यक्तिलाई जीवनको स्वतन्त्रता र आत्मरक्षाको अधिकार हुनेछ। सबै व्यक्तिहरु कानूनको दृष्टिमा समान छन् र बिनाभेदभाव कानूनको समान संरक्षणको हकदार हुनेछन। नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २ बमोजिम भेदभावबिना अधिकारको सुनिश्चित गर्नुपर्ने ब्यबस्था रहेको छ। जाति, वर्ण, लिंङ्ग, भाषा, धर्म, राजनैतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, सम्पत्ति, जन्म वा अन्य आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न नपाईने र यस्ता कार्य हुन गएमा त्यसको उपचारको ग्यारेन्टी प्रत्येक राज्यपक्ष भएका राष्ट्रहरुले गर्नुपर्ने व्यवस्था गरेको छ। धारा ९ (१)मा प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। त्यसैगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र र सबै प्रकारका जातीय भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले कुनैपनि आधारमा कोही कसैलाई विभेद गर्न नहुने उल्लेख गरेको छ। नेपालको संविधान,२०७२ को धारा १६ बमोजिम प्रत्येक व्यक्तिलाई सम्मानपूवर्क बाच्न पाउने हक हुनेछ। धारा १२ मा लैंगिक पहिचानको आधारमा नागरिकता प्रदान गर्ने कुरा उल्लेख गरिएको छ। धारा १७ ले प्रत्येक व्यक्तिलाई नेपालको कुनै पनि भागमा आवत—जावत र बसोबास गर्न, पेशा, रोजगार गर्न र उद्योग, व्यापार तथा व्यवसायको गर्न स्वतन्त्रताको व्यवस्था गरेको छ। धारा १८ मा समानताको हक अन्तर्गत विभिन्न समुदायसहित लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको अधिकार संरक्षण गर्न राज्यले विशेष कानून

बनाउन सकिने कुरा उल्लेख छ। नेपालको संविधानले पहिलोपटक यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको पहिचानलाई सुरक्षित गरेको छ।

नेपालमा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको एकिन तथ्याङ्कको अभाव रहेको छ। नेपाल सरकारले २०७८ सालको राष्ट्रिय जनगणनामा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई पनि समेट्ने गरी तथ्याङ्क सङ्कलन गरेको थियो। जनगणना २०७८ अनुसार लैंङ्गिक तथा यौनिक अल्पसङ्ख्यकको सङ्ख्या २९२८ रहेको देखाएको छ। जुन कुल जनसङ्ख्याको ०.०१ प्रतिशत हुन्छ। यो समुदायको सङ्ख्या न्यून हुनुमा घरपरिवार, समाज तथा राज्यबाट निरन्तर भोग्नु परेको हिंसा, विभेद र दुर्व्यवहार मुख्य रहेको पाइएको छ। विश्वभर समग्र जनसङ्ख्याको १० प्रतिशत यौनिक तथा लैंगिक अल्पसङ्ख्यक रहेको बिभिन्न तथ्याङ्कहरुले देखाएका छन्। स्थानीय निर्वाचन २०७९ मा १४४ जना यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकले मताधिकारको उपभोग गरेकोमा प्रतिनिधि तथा प्रदेश सभा सदस्य निर्वाचनमा १६७ जना सहभागि भएको पाइएको छ।

आयोगबाट उक्त समुदायको अधिकारको अवस्था सम्बन्धमा समय-समयमा अनुगमन तथा अन्तरक्रिया लगायतका कार्यक्रमहरू हुँदै आएका छन्। अनुगमनमा प्राप्त तथ्यहरुलाई हेर्दा प्रायः यस समुदायका व्यक्तिहरू आफ्नै परिवार तथा समाजबाट सामाजिक वहिष्करणमा पर्ने गरेका छन्। फलतः उनीहरू परिवार र समुदायबाट एक्लिन बाध्य देखिन्छन्। घरपरिवार, गाँउ समाज तथा तीनै तहका सरकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरुप्रति गर्ने व्यवहार र हेर्ने दृष्टिकोण समयसापेक्ष र मानव अधिकारमैत्री हुन सकेको छैन। यौनिक तथा लैंङ्गिक अल्पसङ्ख्यकहरुले सामाजिक डरका कारण धेरैले आफ्नो पहिचान खोल्न नचाहेको अवस्थाले पनि एकिन तथ्याङ्क आउन नसकेको सम्बन्धित क्षेत्रका अधिकारकर्मीहरुको भनाई पाइएको छ। यौनिक तथा लैंङ्गिक अल्पसङ्ख्यक व्यक्तिहरूउपर सामाजिक रुपमा विभेदको अलावा पहिचान, रोजगारी तथा समान लिङ्गबिच विवाह लगायतका मानव अधिकारका विषयहरू सम्वोधन हुन सकेको छैन। नागरिकता र राहदानी लिंदा लिङ्गको महलमा "यौनिक अल्पसङ्ख्यक" नलेखी "अन्य" उल्लेख  गरिने गरेको पाइन्छ। यी समुदायले आफ्नो नागरिकता

तथा राष्ट्रिय परिचयपत्रमा आफूले रोजेको पहिचान नपाउनु उनीहरुको मानव अधिकार बिरुद्ध रहेको देखिन्छ। यी समुदायका व्यक्तिहरुले आफ्नो पहिचान खुलाउदा परिवारबाट अपहेलना हुने, सरकारी तहबाट आयोजित कार्यक्रममा सहभागी नगराइने, स्थानीय सरकारले योजना तर्जुमा गर्दा सहभागी नगराउने, गाउँ समाजले विभिन्न प्रकारका गलत लान्छना लगाउने, हेर्ने दृष्टिकोण सकारात्मक नरहेको र समाजबाट दुर्व्यवहार खेप्नुपर्ने भन्ने यस क्षेत्रमा कार्यरत अधिकारकर्मीहरूको भनाई रहेको छ।

## ४.११ उपभोक्ताको अधिकार

उपभोक्ताको अधिकारले उपभोग्य सबै प्रकारका अधिकारहरूसँग सम्बन्ध राख्दछ। प्रत्येक व्यक्तिले वस्तु वा सेवा उपभोग वा प्रयोग गर्नुपर्ने हुँदा प्रत्येक व्यक्ति उपभोक्ता मानिन्छ। जीवनयापनका लागि गुणस्तरीय वस्तु वा सेवा खरीदकर्ता वा प्रयोगकर्ता नै उपभोक्ता हुन्। संयुक्त राष्ट्रसंघद्वारा जारी उपभोक्ता हित संरक्षण सम्बन्धी निर्देशिका, १९८५ ले उपभोक्तालाई सुरक्षाको अधिकार, सूचित हुने अधिकार, छनौटको अधिकार, सुनुवाईको अधिकार, उपभोक्ता शिक्षाको अधिकार, क्षतिपूर्तिको अधिकार, आधारभूत आवश्यकतामा पहुँचको अधिकार, स्वच्छ तथा स्वस्थ्य वातावरणको अधिकार प्रदान गरेको पाइन्छ। नेपालको संविधानको धारा ४४ ले उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा पाउने हक हुने एवम् गुणस्तरहीन वस्तु वा सेवाबाट कसैलाई हानी पुगेमा क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरेको छ। संविधानको धारा ३० को स्वच्छ वातावरणको हक र धारा ३५ को स्वास्थ्यसम्बन्धी हकपनि उपभोक्ताको अधिकारसँग जोडिएका छन्। उपभोक्ताको हकको प्रचलनको लागि उपभोक्ता संरक्षण ऐन, २०७५ हाल कार्यान्वयनमा रहेको छ। यस ऐनले आम-उपभोक्ताको सूचित र सुरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरेको छ।

मानव अधिकारसँग सम्बन्धित दस्तावेज, कानून र सरकारी प्रतिबद्धतामा उपभोक्ता अधिकार सुरक्षित भएपनि कार्यान्वयन पक्ष कमजोर देखिएको छ। खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, म्याद नाघेका खाद्य वस्तुको बिक्री, कृत्रिम मुल्य

वृद्धि जस्ता समस्याहरू बेलाबखतमा भईरहेका छन्। गुणस्तर वस्तु, उत्पादन सञ्चय वा भण्डारण, ढुवानीमा समस्याको अवस्था विद्यमान छ। उपभोक्ताले कुनै पनि वस्तुको बारेमा पर्याप्त सूचना एवम् जानकारी प्राप्त गर्न नसकेको अवस्था देखिन्छ। ग्राहकलाई गलत सूचना र प्रलोभनमा पार्ने विज्ञापनको प्रचारप्रसार चुनौतीको रूपमा देखिएका छन्। एकातिर बजार स्वच्छ र प्रतिस्पर्धात्मक हुन नसकेको स्थिति छ भने अर्कोतिर अनुगमन र नियमनको जिम्मेवारी प्राप्त निकायहरू (वाणिज्य विभागलगायतका सरकारी निकाय) का काम कारबाही प्रभावकारी र पारदर्शी देखिएका छैनन्।

उपभोक्ताको अधिकारको उपभोगको अवस्था सन्तोषजनक छैन। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले स्थानीय बजार अनुगमन व्यवस्थापन सम्बन्धमा स्थानीय तहको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था गरेको छ। उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २७ ले प्रदेश बजार अनुगमन समिति र दफा २८ ले स्थानीय बजार अनुगमन समितिको व्यवस्था गरेको छ। ऐनबमोजिम उपभोक्ताको अधिकार हनन् भएमा त्यसलाई कसुर मानी दुई लाख देखि तीनलाख रूपियाँसम्म जरिवाना गर्ने व्यवस्था छ। ऐनको दफा १२ बाहेकका अन्य मुद्दा कारवाही किनारा गर्नको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आवश्यकता अनुसार उपभोक्ता अदातल गठन गर्न सक्ने व्यवस्था छ। उपभोक्ताको उपभोग्य बस्तुमा सचेतना नहुँदा उपभोक्ताहरू ठगिएका देखिन्छन्। विषादी परीक्षण, सुनको शुद्धता परीक्षणको लागि जिल्ला बाहिर पठाउनुपर्ने अवस्था बिद्यमान छ। जिल्ला प्रशासन कार्यालयहरुले स्थानीय यातायातको दररेट निर्धारण गरेको भएपनि प्रभावकारी कार्यान्वयन हुन नसकेको, स्वास्थ्य संस्थाहरू बिना दर्ता सञ्चालन हुने गरेका, मूल्य सूची नराख्ने, ग्रामिण भेगहरूमा डिजेल, पेट्रोल खुला रूपमा बिक्री हुने गरेका, म्याद गुज्रिएका सामानको बिक्री वितरण हुने गरेका, नापतौलमा एकरूपता नहुने जस्ता समस्याहरू यथावत रहिरहेको छन्। खाद्यान्न लगायतका बस्तुमा देखिएको अस्वभाविक मूल्यबृद्धि नियन्त्रण हुन सकेको छैन। समय समयमा बस्तुको अभाव हुने गरेको छ। कालोबजारी र कार्टेलिङको नियन्त्रण हुन सकेको छैन। खाद्य, मापदण्ड विपरीत कार्य, म्याद गुज्रेको सामान,

अखाद्य वस्तु र कालोबजारीमा सामान्य अनुगमन गरी कारवाही गरेको देखिन्छ तर पीडित उपभोक्ताहरूले क्षति वापतको कुनै क्षतिपुर्ति प्राप्त गर्न सकेको अवस्था देखिदैन। विशेष पर्वहरूको समयमा दैनिक उपभोग्य वस्तुहरू चामल, दाल, चिनी, तेल, दुःध, मिठाई, माछा/मासु, ग्याँस, औषधी, फलफुल, तरकारी लगायतका वस्तुहरूको गुणस्तरमा उठ्ने प्रश्न र त्यस्ता अखाद्य र मिसावटयुक्त वस्तुको उपभोगले उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हितमा पार्ने प्रभाव तथा नापतौलमा कमी, उपभोग्य वस्तु तथा सेवाको खरीद तथा विक्री मूल्य पारदर्शी नहुने जस्ता समस्याहरू कायम नै रहेको देखिन्छ। ग्रामिणतहसम्म वस्तु तथा सेवाको पहुँच सुनिश्चित हुन नसक्नु र पहुँच भएको वस्तुको गुणस्तरीयता कायम नहुने अवस्था पनि कायम नै देखिन्छ। उपभोक्ताको अधिकार सुनिश्चित गर्न बनेको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न तीनै तहका सरकाहरूको अनिवार्य दायित्व रहन्छ। उपभोक्ता हित संरक्षणका सन्दर्भमा व्यापक जनचेतना कार्यक्रममा सरोकारवालाहरू र स्थानीय सरकार बढी जिम्मेवार बन्न आवश्यक देखिन्छ।

## ४.१२ विकास र वातावरणको अधिकार

नेपालको संविधान तथा प्रचलित कानूनहरूले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ। अन्तर्राष्ट्रिय स्तरमा गरिएका प्रतिबद्धतालाई कार्यान्वयन गर्न वातावरणसँग सम्बन्धित नीति, नियम, कानून र संयन्त्रहरुको विकास गरिएको छ। वातावरण संरक्षण सम्बन्धी ऐन, २०७६ हाल कार्यान्वयनमा रहेको छ। ऐनअनुसार विकास निर्माणका आयोजनाहरु सञ्चालन गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड र गुणस्तर कायम गर्नुपर्ने, वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था रहेको छ। कसैको जीवन र जनस्वास्थ्यमा असर पार्ने गरी कुनैपनि कार्य गर्न नहुने व्यवस्था छ। यसबाहेक वातावरणसँग सम्बन्धित अन्य दर्जनौं कानूनी र नीतिगत व्यवस्थाहरु रहेका छन्। राज्यको विकास सम्बन्धी नीतिमा विकास र वातावरणवीच सन्तुलन कायम गर्ने भनी स्पष्ट व्यवस्था गरिएको छ। विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिताको अभिवृद्धि गर्ने विकासको नीति रहेको छ। विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिदै आम जनताले न्यायोचित रुपमा

पाउने व्यवस्था गर्ने नीति रहेको छ। वातावरण र विकासबिच सामाञ्जस्यता कायम हुन नसक्दा नागरिकको मानव अधिकार उपभोगमा समस्या देखिएको छ। मानवलाई केन्द्रविन्दुमा राखी विकासका क्रियाकलापहरु सञ्चालन हुन नसक्दा विकासको नाममा विभिन्न वातावरणीय समस्याहरु वृद्धि हुँदै गएका छन्।

विकास निर्माणका प्रायजसो आयोजनाहरु अधिकांश पहुँचवाला, समाजका अगुवा तथा राजनीतिक व्यक्तिको संलग्नतामा हुने हुँदा वातावरणीय पक्ष र स्थानीय नागरिकको अधिकारप्रति पर्याप्त ध्यान नदिने गरेको पाइएको छ। अनुगमन र मूल्याङ्कन प्रभावकारी नहुँदा अनिवार्य वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कानूनी व्यवस्था कागजी प्रकृयामा मात्र सीमित हुने गरेको छ। पहुँच, जवाफदेहिता, पारदर्शिता, मर्यादा, पहिचान, समानता, सशक्तिकरण, समावेशिता, विविधता, निष्पक्षता र ऐक्यबद्धता लगायतका विषयहरू मानव अधिकारमुखी विकास पद्धतिका मूल्य मान्यताहरू हुन्। राज्यलाई विकास निर्माणसम्बन्धी कार्य गर्दा नागरिकहरूका विकास प्रक्रियामा सक्रिय, स्वतन्त्र र प्रभावकारी सहभागी हुन पाउने अधिकार, विकास प्रक्रियामा योगदान गर्न पाउने अधिकार र विकासको प्रतिफल उपभोग गर्न पाउने अधिकारको सम्मान र परिपूर्ति गर्ने दायित्व तोकेको छ। राज्य पक्ष भएको अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तलाई पुर्णरुपमा सम्मान गरिनु पर्दछ। तर नेपालमा सञ्चालित सबैजसो विकास सम्बन्धी योजना र परियोजनाहरुका कुनैपनि प्रकृयामा सर्वसाधारण नागरिक, प्रभावित व्यक्तिहरु एवम् सरोकारवाला कसैको पनि सहभागिताको सुनिश्चितता हुन सकेको देखिँदैन। बिशेषगरी ग्रामीण क्षेत्रहरुमा विकासका नाममा विनाप्राविधिक सडक निर्माण लगायतका कार्यले बाढी पहिरो, सवारी दुर्घटना, जस्ता घटनामा परि अकालमा मृत्यु हुने घटनाहरुमा वृद्धि हुँदै जाँदा ठूलो जनधनको क्षति व्यहोर्नु परेको अवस्था छ। प्लाष्टिकजन्य सामाग्रीको अत्याधिक अव्यस्थित प्रयोग, अव्यवस्थित ढल, मलमूत्र, फोहरमैला, अस्पतालजन्य फोहरमैला र यसको अव्यवस्थित विसर्जनको अवस्थाले नागरिकहरुमा स्वास्थ्य समस्या वढ्दै गएको छ। प्राकृतिक स्रोत साधनको अत्यधिक दोहनले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, सडक विस्तारको क्रममा प्रदुषणमा वृद्धि जस्ता समस्याहरु वढदै गएको आयोगको अनुगमनमा पाइएको छ। अव्यवस्थित

शहरीकरण, मानव अधिकारमैत्री विकासको अभाव, अन्तरसरकारी निकायहरुको समन्वयको अभाव, प्रभावकारी अनुगमन र मूल्याङ्कनको अभाव, ऐन कानूनको प्रभावकारी कार्यान्वयन नहुने जस्ता अवस्थाले वातावरणीय समस्याहरु वढ्दै गएको देखिन्छ।

## ४.१३ आदिवासी जनजातिको अधिकार

आदिवासीहरूको विशिष्ट पहिचान, संस्कृति र जीवन पद्धति लगायतका व्यापक अधिकारहरू समेटेको अन्तर्राष्ट्रिय सन्धि अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं १६९ लाई नेपालले वि सं २०६४ भदौ २८ गते अनुमोदन गरेको छ। आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले आदिवासी जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको अनसूची बमोजिमको जाति वा समुदाय भनी परिभाषित गरेको छ। आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय घोषणापत्रको धारा १ मा आदिवासी जनजातिको सामूहिक रूपमा वा व्यक्तिगत रूपमा संयुक्त राष्ट्रसङ्घीय वडापत्र, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनद्वारा स्वीकार गरिए अनुसारका सम्पूर्ण मानवअधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण उपभोग गर्ने अधिकार रहेको उल्लेख गरिएको छ। सोही घोषणापत्रको धारा ५ मा आदिवासी जनजातिसँग आफ्नो पृथक राजनीतिक, कानूनी, आर्थिक, सामाजिक तथा सांस्कृतिक व्यवस्थालाई कायम राख्ने तथा सबल बनाउने अधिकार रहेको भनि उल्लेख गरिएको छ।

महासन्ध नं १६९ अन्तर्गत आदिवासीहरूसँग परामर्श र उनीहरूको प्रतिनिधित्व गराएर संयन्त्रहरू बनाउने र सञ्चालन गर्ने, आदिवासीहरूसँग परामर्श गरेर परामर्शका लागि उपयुक्त संयन्त्र र प्रक्रियाहरू स्थापित गर्ने, मुलुकको अन्य समुदायहरूसँग बराबरी हैसियतमा सबै अधिकार उपभोगको सुनिश्चित गर्ने, आदिवासीहरूको सामाजिक, आर्थिक र सांस्कृतिक अधिकारहरू पूर्णरूपमा उपभोग गर्न प्रवर्धन गर्ने, आदिवासीहरू र मुलुकका अन्य समुदायबीच विद्यमान सामाजिक आर्थिक दुरी अन्त्य गर्ने, आदिवासी जनजाती महिलाहरूमा भएको सीपको संरक्षण

गर्ने, सो को प्रवर्धन गर्ने र आदिवासीहरूका संस्थाहरूलाई प्रवर्धन र सहयोग गर्ने राज्यको मुख्य दायित्वहरू हुन्। नेपालको संविधानको धारा १८ मा (३) आदिवासी, आदिवासी जनजातिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने समेत व्यवस्था गरेको छ। तथापी कोशी प्रदेशको हकमा भने सो सम्बन्धि व्यवस्था व्यवहारिक पक्षको कार्यान्वयन फितलो रहेको छ।

आदिवासी जनजातीको वाहुल्यता रहेको भनिएको तथा विगतका दिनमा जातीय पहिचानका आधारमा समेत प्रदेशहरूको नामाकरण गरिने भनी चर्चा परिचर्चा भइरहदा प्रदेश नं. १ लाई कोशी प्रदेश नामाकरण गर्दा यस क्षेत्रका आदिवासी जनजातीहरुले उक्त नामाकरणको विरोध गर्दै विभिन्न किसिमका संघर्षका कार्यक्रम गर्दा पदम लाजेहाङ लिम्बु आन्दोलनकै क्रममा घाइते भइ उपचारको क्रममा मृत्यु भए पश्चात सहिद घोषणा गरिएको र कतिपय संघर्षका क्रममा घाइते भएका थिए भने केहीलाई सुरक्षा निकायले कोशी प्रदेशका विभिन्न जिल्लामा नियन्त्रणमा लिइ हिरासतमा राखेको थियो। उक्त विषयलाई आदिवासी जनजातीको हकमा काम गर्ने संघसंस्था र पहिचानवादी समूहले राज्य पक्षले आफूहरूमाथि शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्दा समेत शक्तिको प्रयोग गरी दबाउन खोजेको आरोप समेत लगाएका थिए ।

कोशी प्रदेश ताप्लेजुङ जिल्ला स्थित पाथिभरा मन्दिरको नामाकरण र सो क्षेत्रमा केवलकार निर्माण गरिने भन्ने विषयले स्थानीय आदिवासीको आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको समेत असर पुग्ने विषय हाल व्यापक रूपमा उठेको देखिन्छ। त्यस्तै सुनसरी जिल्ला बराहक्षेत्र नगरपालिका वडा नं. ८ साविक महेन्द्रनगर गा.वि.स वडा नं. ३ स्थित सैनिक टोलमा आदिवासी जनजाति बसोबास गरिरहेको जग्गा माथिबाट प्रत्यक्ष मानव जीवनमा असर पर्ने गरी स्थानीय बासिन्दाहरुलाई कुनै जानकारी नदिईकन सहमति बिना नै विरोध गर्दा गर्दै लगाइएको बाली समेत उठाउने मौका नदिई बलपुर्वक निर्माण गरिएको ४०० के.भि. हाइटेन्सन लाइनले आदिवासीहरुको आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारको हनन गरेको भन्ने उक्त क्षेत्रका बासिन्दाहरूको भनाइ रहेको पाइयो।

# परिच्छेद ४

## ५. प्रदेश कार्यालयको उपलब्धि, चुनौती र समाधानका उपायहरु

### ५.१ उपलब्धिहरुः

नेपालको संविधानको धारा २४९ अन्तर्गतका कार्य सम्पादन गर्ने क्रममा राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयले कोशी प्रदेशको मानव अधिकारको अवस्था विगतमा भन्दा सुधारोन्मुख पाइएको छ। यद्यपि यहाँ विभिन्न घटना र हिंसाको बढ्दो संख्याका कारण आम नागरिकले भय रहित वातावरणमा सम्मान जनक रुपमा बाँच्न पाउने अधिकारको पूर्ण प्रत्याभूत गर्न पाइरहेका छैनन् । यिनै मानव अधिकार सम्बन्धी उजुरीहरु लिएर पीडितहरु आइरहँदा उनीहरुलाई उचित परामर्श प्रदान गरी सम्बन्धीत निकायमा निवेदन दिनका साथै सम्बन्धीत निकायहरुको ध्यानाकर्षण गर्ने गराउने कार्य पनि आयोगले गर्दै आइरहेको छ। यसै अन्तर्गत यस वर्ष कोशी प्रदेश कार्यालयबाट ८८ वटा उजुरीहरुको अनुसन्धान गरिएको छ र विभिन्न विषयगत शिर्षकमा ३२५ वटा उजुरीहरु अनुसन्धानको क्रममा रहेका छन्। १७ पटक विषयगत तथा आकस्मिक अनुगमन गरिएको छ। मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना अन्तर्गत मोरङ, झापा, सुनसरी, इलाम, ताप्लेजुङ र पाँचथर जिल्लामा अनुगमन गरिएको छ। अन्य निकायहरुबाट आयोजित कार्यक्रममा प्रमुख अतिथि, अतिथि, श्रोत व्यक्ति र सहभागिको रुपमा इलाम, मोरङ, झापा, सुनसरी, उदयपुर लगायतका जिल्लामा कोशी प्रदेश कार्यालयको सहभागिता रहेको छ।

सुनसरीमा कल कारखाना उद्योगमा कार्यरत श्रमिकको मानव अधिकार अवस्थाको अध्ययन गरिएको थियो भने झापामा चिया बगानमा कार्यरत श्रमिकको अधिकारको अवस्थाको बारेमा अध्ययन गरी सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम समेत गरिएको थियो। आयोगको कोशी प्रदेश कार्यालयबाट आकस्मिक रुपमा यस क्षेत्रमा भएका बन्द हड्ताल, अस्पतालको सेवा प्रवाहको अवस्था लगायतको

अनुगमन गरी सम्बन्धित निकायको ध्यानाकर्षण गरिएको छ। प्रदेश नं १ को नामाकरण कोशी प्रदेश गरिए पश्चात् सोको विरोधमा आयोजना गरिएका ऱ्याली प्रदर्शन, बन्द हड्ताल लगायतका कार्यक्रमको मोरङ, सुनसरी र झापा लगायतका जिल्लामा अनुगमन गरिएको थियो। आयोगले समय समयमा मानव अधिकार-कर्मीहरुसँग मानव अधिकार अवस्थाबारेमा छलफल/अन्तरक्रिया गरी मानव अधिकारको संरक्षण तथा संस्कृतिको विकासका लागि कार्य गर्दै आएको छ।

## ५.२ चुनौतीहरुः

१. मानव अधिकारको पूर्ण प्रत्याभूतिका लागि मानव अधिकार सम्बन्धी ज्ञानको राजनीतिक परिवेशमा कमि र सो कारण सरकार तथा सरकारी निकायसँग सहकार्यको प्रभावकारितामा कमि हुनु,

२. मानव अधिकारको उल्लंघनका घटना विशेषतः द्वन्दकालीन घटनाको विषयमा राजनीतिकरणको प्रभाव र सोको कारण बढेको दण्डहीनता व्यापक हुनु,

३. पेरिस सिद्धान्त बमोजिम स्वतन्त्र र स्वायत्त संस्थाको रुपमा मानव अधिकारको संरक्षण, सम्वर्धन र प्रभावकारिताको लागि स्थापित र कार्यरत आयोगलाई नेपाल सरकारको तर्फबाट कार्य सम्पादन गर्न कानूनी, नीतिगत, राजनीतिक, आर्थिक, व्यवहारिक तवरबाट अपेक्षित सहयोग र सहकार्य नहुनु,

४. नेपालको संविधानको धारा २४९ अन्तर्गत आयोगका उजुरीहरुका सम्बन्धमा गरिने सिफारिसको राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा १७ बमोजिम कार्यान्वयनको पक्ष नेपालको सरकारको रहेको प्रष्ट छ यद्यपि सो बमोजिम क्षतिपूर्तिको कार्यान्वयनमा सरकार सक्रिय रहेतापनि दोषीको पहिचान र पहिचान खुलेका दोषीको कारवाहीमा सरकार सक्रिय नहुनु,

५. मानव अधिकार सम्बन्धी नयाँ विषय/आयामहरुको उदय भइरहँदा कर्मचारीलाई सो सम्बन्धी ज्ञान विकास गर्न उपयुक्त प्रशिक्षणको अभाव हुनु र कार्यसम्पादनमा प्रभाव पार्नु,

६. "सम्वर्द्धनबाट संरक्षण" भन्ने आयोगको नयाँ कार्यसम्पादनको प्रवृत्तिले आयोगको मानव अधिकार सम्वर्धनको मूल उद्देश्यलाई ओझेलमा पारेको र यसले जन—जनमा मानव अधिकारको ज्ञान सम्प्रेषण गर्न हालको सन्दर्भमा कमि ल्याएको र सो कार्यलाई नेपाल सरकारको आर्थिक असहयोगबाट पनि असर पर्नु,

७. कर्मचारीको मनोवल तथा उत्प्रेरणा,

८. मानव अधिकार शिक्षा/जनचेतनाको कमी,

९. संस्थागत सुदृढीकरण ।

### ५.३ समाधानका उपायहरुः

१. स्थानीय तह तथा अन्य सरकारी निकायमा मानव अधिकारको विषय र मानव अधिकार आयोगको क्षेत्राधिकार सम्बन्धी ज्ञानको दायरा बढाएमा सहकार्यको वातावरण बन्ने सम्भावना देखिनु,

२. नेपाल सरकारको तर्फबाट आयोगको कार्य सम्पादन गर्न विशेषतः कानूनी तत् पश्चात् नीतिगत, राजनीतिक, आर्थिक, व्यवहारिक तवरमा अपेक्षित सहयोग र सहकार्यको वातावरणको विकास गर्न तदारुकताका साथ लाग्नुपर्ने र यसमा हाल आयोगको ऐन र कर्मचारी व्यवस्थापनसँग सम्बन्धित कानूनको परिपेक्षमा सहकार्यको मुख्य आवश्यकता रहनु,

३. मानव अधिकारको संवर्द्धन र संरक्षण गर्ने प्रमुख जिम्मेवारी राज्यको रहेकाले मानव अधिकार उल्लंघनका घटना विशेषतः द्वन्दकालीन घटनाको विषयमा

राजनीतिकरणको प्रभाव हटाउदैं दण्डहीनताको अन्त्य गर्न नेपालको संविधान २०७२ को प्रस्तावनाले परिकल्पना गरेको कानूनी राज्यको पूर्ण परिपालन गर्नु,

४. मुख्यतः प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा संवैधानिक आयोगको सिफारिस कार्यान्वयन गर्न उपसचिवको संयोजकत्वमा शाखा नै रहेपनि आयोगको उजुरीहरु सम्बन्धी सिफारिसको कार्यान्वयनमा नेपाल सरकारको उदासिनता देखिएकाले सरकारको सक्रियता आवश्यक रहनु,

५. नेपाल सरकारले आर्थिक पाटोबाट आयोगको सबलीकरण र सहजीकरणमा जोड दिनुपर्ने जसले आयोगको भौतिक पूर्वाधार, श्रोत व्यवस्थापनको असुविधा साथै कार्यालयको समग्र कार्यसम्पादनमा प्रभावकारिता बढाउनु,

६. आयोगले मानव अधिकारको संवद्र्धनको लागि नीति बनाउने क्रममा स्थानीय तहसँगको सहकार्यको पक्षमा विशेष ध्यान दिदाँ सो कार्यको आर्थिक व्यवस्थापनमा सहज वातावरण विकास हुनसक्ने सम्भाव्यतालाई मूल्यांकन गर्नु,

७. मानव अधिकार सम्बन्धी नयाँ विषय, सन्धी, महासन्धी, घोषणा पत्रको बारेमा सरोकारवालालाई समय सापेक्ष अभिमुखीकरण प्रदान गर्नु पर्ने,

८. मानव अधिकारको संरक्षणको लागि सरोकारवाला सबैको बिचमा समन्वय र सहकार्य हुनुपर्ने।

## ५.४ प्रदेश सरकार र स्थानीय सरकारलाई सुझावः

राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश कार्यालयले आफ्नो निर्धारित कार्यसम्पादन गर्ने क्रममा प्रदेश तथा स्थानीय सरकारसँग सहकार्य र समन्वय

गर्दा देखिएका कमिहरु निम्न बमोजिमका सुझावहरु मार्फत सम्बोधन गर्न सकिन्छः

१. प्रदेश तथा स्थानीय सरकारले मानव अधिकारको संरक्षण तथा सम्वर्धन गर्ने मुख्य जिम्मेवारी सरकारको रहेको भन्ने विषयमा सजक रही सो कार्यमा राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य विषयगत आयोगसँग प्रदेश तथा स्थानीय तहमा सहकार्य गर्नुपर्ने,

२. नेपाल सरकारको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजनाको कार्यन्वयनको लागि प्रदेश सरकारले स्थानीय सरकारसँग पत्राचार गरी कार्यान्वयनको अवस्था र सो सम्बन्धी योजना बारे जानकारी लिनुपर्ने,

३. जिल्ला समन्वय समितिको प्रभावकारिता बढाउन स्थानीय सरकारबाट सहकार्यको वातावरणको विकास गर्न प्रदेश स्तरबाट पहल गर्नुपर्ने,

४. कारागार र हिरासतको अवस्था सुधारका लागि प्रदेश र स्थानीय सरकारबाट आर्थिक व्यवस्थापनमा सहकार्यको वातावरण निर्माण गर्न पहल गर्न सकिने,

५. न्यायिक समितिको प्रभावकारिता बढाउन स्थानीय सरकारले आवश्यक प्रशिक्षण र सरोकारवालाहरुसँग समन्वय गर्नुपर्ने,

६. पहिचानको विषयलाई लिएर संघर्षरत समूह तथा ताप्लेजुङ जिल्लामा निर्माण गर्ने भनिएको केबुलकारको विरुद्धमा संघर्षरत समूहका सम्वन्धमा स्थानीय, प्रदेश तथा संघीय सरकारका बिचमा छलफल गरी विवादको समाधान गर्नुपर्ने देखिन्छ। नित्रयोलमा पुग्नु पर्ने देखिन्छ।

७. आम नागरिकले आफ्नो अधिकारको उपभोग गर्दा अर्काको अधिकारको नगर्ने र मानव अधिकारको मुल्य र मान्यता तथा ऐन कानुनको पालना गरी सामाजिक भावनाबाट प्रेरित हुने वातावरण सृजना गर्न सबैले पहल गर्नु पर्ने।

राष्ट्रिय मानव अधिकार आयोग
कोशी प्रदेश कार्यालय, विराटनगर

# राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालय विराटनगरका कर्मचारीहरुः

## कार्यालय प्रमुख/उपसचिव

पवनकुमार भट्ट
(९८५२०२२४४८)

## मानव अधिकार अधिकृत

चिरञ्जीवी कोइराला    डिल्लीराम लम्साल    सुदिप्ती सुवेदी
यमराज आङदेम्बे    जयन्त थापा

## सहायक प्रथम

बिन्दा अधिकारी    खिला रेग्मी    भिमसेन थापा    धनन्जय पटेल

## सवारी चालक

विष्णु पराजुली    पशुपति चौधरी

## कार्यालय सहयोगी

देवेन्द्र रेग्मी    मथुरा थापा रेग्मी

## सुरक्षा गार्ड

ज्ञानचन्द्र राजवंशी    ज्ञानबहादुर दाहाल




राष्ट्रिय मानव अधिकार आयोगको २४ औं वार्षिकोत्सव कार्यक्रमको
समुद्घाटन गर्नुहुँदै कोशी प्रदेश प्रमुख मा. परशुराम खापुङ






राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश विराटनगरमा कार्यरत कर्मचारीहरू




मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन तथा ताप्लेजुङ र पाँचथरको मानव अधिकारको अवस्था विषयक छलफल कार्यक्रम






ज्येष्ठ नागरिकको अधिकार विषयक छलफल कार्यक्रम कार्यालयको सभाहलमा

इलाम क्षेत्र नं. २ उपनिर्वाचनको मतदान पूर्व र मतदानको समयमा
राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश विराटनगरद्वारा गरिएको स्थलगत अनुगमन







महिला अधिकारको सम्बन्धमा मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरुले
राष्ट्रिय मानव अधिकार आयोगलाई ज्ञापन पत्र बुझाउँदै

## अन्तराष्ट्रिय मानव अधिकार दिवसको अवसरमा राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश विराटनगरद्वारा आयोजना गरिएको कार्यक्रमहरू








आप्रवासी कामदार मानव वेचविखन तथा ओसारपसारको अवस्था विषयक छलफल कार्यक्रम भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी






झापा जिल्ला मेचीनगर नगरपालिकामा मानव अधिकार अवस्थाको बारेमा छलफल




चिया बगानमा कार्यरत श्रमिकहरूको अधिकारको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग समक्ष ज्ञापन पत्र बुझाउँदै






सुनसरी जिल्ला वराहक्षेत्र नगरपालिका वडा नं. ८ मा निर्माणाधिन धनकुटा-दुहबी-ढल्केबर ४०० केभी हाइटेन्सन लाइनको प्रभावबारे अन्तरक्रिया



इटहरी नमुना कलेज, सुनसरीका कानून सङ्कायमा अध्ययनरत विद्यार्थीहरू

राष्ट्रिय मानव अधिकार आयोग केन्द्रिय कार्यालयबाट आयोजना गरिएको २४ औं वार्षिकोत्सव कार्यक्रममा कोशी प्रदेश कार्यालयमा कार्यरत कर्मचारीहरूलाई १५ वर्ष सेवा अवधि पूरा गरेकोमा सम्मान गर्नुहुँदै कानून मन्त्री मा. पदम गिरी



**राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू**

केन्द्रीय कार्यालय
हरिहर भवन, पुल्चोक, ललितपुर
फोन : ०१-५०१००१५, (हटलाइन : ०१-५०१००००)
फ्याक्स : ०१-५४४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौं, नेपाल
ई-मेल : nhrc@nhrcnepal.org

**प्रदेश कार्यालयहरू :**

कोशी प्रदेश कार्यालय, विराटनगर
फोन : ०२१-५१२९३१, ५२०९९३ फ्याक्स : ०२१-५११९००
ई-मेल : nhrcbrt@nhrcnepal.org

मधेश प्रदेश कार्यालय, जनकपुर
फोन : ०४१-५२०३१३/१४, फ्याक्स : ०४१-५२०३१५
ई-मेल : nhrcjnk@nhrcnepal.org

बागमती प्रदेश कार्यालय, हेटौंडा
फोन : ०५७-५९१२११, ५९१३११ फ्याक्स : ०५७-५९१३११
ई-मेल : nhrcsnp@nhrcnepal.org

गण्डकी प्रदेश कार्यालय, पोखरा
फोन : ०६१-५८६०५९, ५८६०८१, फ्याक्स : ०६१-५३५८७५
ई-मेल : nhrcpkr@nhrcnepal.org

लुम्बिनी प्रदेश कार्यालय, बुटवल
फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६
ई-मेल : nhrcbtl@nhrcnepl.org

कर्णाली प्रदेश कार्यालय, बीरेन्द्रनगर, सुर्खेत
फोन : ०८३-५२०२२४, फ्याक्स : ०८३-५२०२२४
ई-मेल : nhrcskt@nhrcnepl.org

सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३
ई-मेल : nhrcdhn@nhrcnepal.org

**प्रदेश शाखा कार्यालयहरू**

कोशी प्रदेश शाखा कार्यालय, दिक्तेल खोटाङ
फोन : ०३६-४२०२८४,
ई-मेल : nhrckht@nhrcnepal.org

लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज
फोन : ०८१-५३६७००/८ फ्याक्स : ०८१-५३६७०६
ई-मेल : nhrcnpj@nhrcnepal.org

कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला
फोन : ०८७-५२०२२२
ई-मेल : nhrcjum@nhrcnepal.org